
# धर्मकीर्ति

THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

भाद्र पूर्णिमा



लुम्बिनीमा विश्वशान्ति स्तूप निर्माण कार्यमा संलग्न रहनु भएका दिवंगत भिक्षु (युनाताका नावातामे) प्रति खुल्ला मञ्चमा आयोजना गरिएको श्रद्धाञ्जली सभामा बोल्नु हुँदै भिक्षुणी धम्मवती ।

जापानी भिक्षुको हत्या बिरूद्ध आयोजित मौन जुलुसको एक दृष्य ।

DHARMAKIRTI

- १५ अङ्क- ५ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

कस्तो दृष्टिकोण रहेको छ, बुद्ध शिक्षा अनुसार यस कर्मकाण्ड र संस्कार मानव जीवनको लागि अनिवार्य विषय हो वा होइन भन्ने बारेमा जान्न चाहन्छु ।"

नयाँ साथीको निक्कै महत्त्वपूर्ण र जटिल समस्या सहितको प्रश्नको उत्तर दिँदै एकजना पुरानो सदस्यले भने- "मैले बुद्ध शिक्षा अध्ययन गरी आफुले बुझे अनुसार कर्मकाण्ड र मानिस जन्मेदेखि मृत्युपरान्त सम्म अनिवार्य रूपमा गरिँदै आएका संस्कारहरूलाई गर्नै पर्ने आनिवार्य कार्यको रूपमा लिनु आवश्यक देखिँदैन । यो त एक बैदिक परम्परा र अन्धविश्वासको आधारमा चलि आएको प्रथा मात्र हो । नयाँ साथीको बिचारलाई अझ स्पष्टसंग सुन्न चाहन्छु । तपाईले यस्तो प्रश्न किन उठाउनु भएको होला ?"

नयाँ साथीले भन्नु भयो- "मेरो विचारमा पनि कर्मकाण्ड भनेको एक अन्धविश्वासमा आधारित कार्य मात्र जस्तो लाग्छ । तै पनि हामी सामाजिक र गृहस्थी मानिस समाजमा बस्नु पर्ने भएकोले त्यहाँको वातावरणलाई सुहाउँदो कार्यहरू त गर्नै पर्‍यो । तैपनि बाध्य भएर गरिने ती कार्यहरूलाई साधारण गरीब वर्गहरूले पनि गर्न सकिने तरिकाले सजिलो र किफायती ढंग अपनाउन पनि सक्नु पर्‍यो नि । बुद्धले पनि मितब्ययिताका नियमहरू बताउनु भएको थियो । मलाई त भिक्षु भिक्षुणीहरूको तर्फबाट परित्राण पाठ श्रवण गर्ने र बुद्ध पूजा गरी आवश्यक कार्यहरूको समापन गराउने चलन नै राम्रो लाग्यो । तर यता पनि कुनै धनी उपासक उपासिकाहरूको देखासिखी गरी मध्यम वर्गिय परिवारहरूले समेत मृत्यु संस्कार आदि कार्यमा दर्जनौं भिक्षु भिक्षुणीहरू निमन्त्रणा गरी प्रति ब्यक्ति रू. १०/- र रू. २०/- दक्षिणाको रूपमा दान दिने गर्छन् । यसलाई त मितब्ययिता भन्न मिल्दैननि । किनभने यी कार्यहरू गरीब ब्यक्तिहरूले गर्न सक्दैनन् ।"

जवाफ आयो- "बुद्ध शिक्षाले त्यसरी दर्जनौं भिक्षु भिक्षुणीहरू बोलाउनु पर्ने नियम बनाएको छैन । यी त देखावटी र धर्मात्मा कहलाउन खोज्ने महत्त्वाकांक्षी काम मात्र हो । यसलाई झूठो आडम्बरीको रूपमा लिन सकिन्छ । बुद्ध शिक्षा अनुसार मितब्ययिता अपनाउने हो भने मानिसको मरणासन्न अवस्थामा भिक्षु वा भिक्षुणी निमन्त्रणा गरी परित्राण पाठ र उपदेशहरू गराउने कार्य गर्नु पर्छ । यसले गर्दा बिरामीको मन आनन्द र शान्त हुनेछ । बिरामीको लागि यस्तो कार्य नै उपयोगी हुनेछ ।"

नयाँ साथीले भन्नु भयो- "हो, त्यसैले मैले पनि आफ्ना जहान परिवारहरूलाई र गुठीयारहरूलाई समेत भनि सकें- म मरेपछि परम्परा देखि चलि आएको अन्धविश्वसी प्रथा अनुसार केही पनि कार्यहरू नगर्नु र दैलो अगाडी मेरो नाममा खानाको भाग पनि नराख्नु । एक जना भिक्षु बोलाई परित्राण पाठ गराई यथाशक्य दान दिए पुग्छ र देखावटी आडम्वरी कार्यहरू केही पनि नगर्नु भनेर ।"

अर्का एकजना सदस्यले भन्यो- "नेपाली समाजमा मानिसहरूको हृदयले त्यति सचेत र उदार नीति अपनाउन कहाँ सक्छन् र ? सकेसम्म संस्कृतिको जगेन गर्ने कार्यतिर मात्र अगाडि बढ्छन् ।"

फेरि उही नयाँ साथीले भन्यो- "संस्कृतिको परिभाषा दिने हो भने चरित्रवान र सभ्य मानिस बनी अरूलाई दुःख नदिईकन बाँची सदाचारी बन्नु नै बुद्ध शिक्षा अनुसारको राम्रो संस्कृतिको जगेर्ना गर्नु हो । मानिस शीलवान् बन्न सके मात्र उसको वर्तमान जीवन र भविष्य (परलोक) समेत सुखमय हुनेछ । किनभने आफूले गरेको कर्म अनुसारको फल मानिसले पाउने गर्छ । बाँचुञ्जेल राम्रो कार्य गर्ने बानी बसाल्ने गरेमा त्यही कार्यको राम्रो प्रतिफल उसको छाँया बनी पछि लाग्ने गर्छ । मृत्युपछि अरुले गरिदिने पुण्य कार्यको आशा गर्नु भरपर्दो पुण्य ठहरिंदैन । पुण्य गरिदिने मानिसको लागि मात्र यस प्रकारको पुण्य काम लाग्छ । बुद्ध शिक्षा अध्ययन गरे अनुसार यस ज्ञानलाई ब्यवहारमा प्रयोग गर्न तत्पर भएन भने यस छलफल कार्यक्रममा मात्र भाग लिएर पनि केही उपलब्धी प्राप्त गर्न सकिंदैन । घडीले आफ्नो पाइला छिटो छिटो चाल्दैछ अबेर भैसक्यो आजलाई बिदा । ■

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**अनगारिका वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २२७१५

प्रकाशक व विशेष सल्लाहकार
**अनगारिका धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

September 1997

| | | | |
|---|---|---|---|
| वर्ष- १५ | अङ्क- ५ | येँन्यापुन्ही | भाद्र २०५४ |





★ जुन मानिसले कर्जा चाहिं लिन्छ, तर जब साहुले मागन आउँछ तब झर्किएर भन्छ कि मसँग तेरो लिन बाँकी नै छैन, त्यसैलाई चाण्डाल भन्दछन् ।

★★★

★ जसले समर्थ भएर पनि माता पिताको पालन पोषण गर्दैन, त्यसलाई चाण्डाल सम्झनुपर्छ ।

★★★

★ जसले घमण्ड (अहं) भावको कारणले आफ्नो प्रशंसा (आफै मपाई) र परनिन्दा गर्छ, त्यसलाई चाण्डाल सम्झनुपर्छ ।

Downloaded from http://www.dhamma.digital

# सिद्धार्थको गृहत्याग

✍ भिक्षु बुद्धदास
अनुवादक : भिक्षु विपस्सी

राजा शुद्धोदनले धेरै आनन्द र भोगविलासको प्रबन्ध गरिदिएका थिए । तर दुःखका अनुभवबाट जति टाढा राखेता पनि सिद्धार्थ सुखी हुनसक्नुभएन । वहाँ आफ्नो दरबारिया संसारभन्दा बाहिरी दुनियाँ हेर्न चाहनुहुन्थ्यो । वहाँ हेर्न चाहनुहुन्थ्यो, अरूहरूको जीवन कस्तो हुँदो हो । त्यसो हुनाले वहाँले बारम्बार आफ्नो बुबा शुद्धोदनलाई बाहिरी दुनियाँ हेर्न नपाएको गुनासो पोख्नुभयो ।

राजा शुद्धोदनले आफ्नो राजकुमारको नगर घुम्ने चाहनालाई रोक्न सक्नुभएन । अनि वहाँले "फलानो दिनमा सिद्धार्थ राजकुमारले नगर भ्रमण गर्नुहुनेछ । सबैले बाटोघाटो सफासुघर गर । घर-आँगनमा रङ्ग-रोगन लगाउ तथा लिपपोत गर । फूल तथा ध्वजापताकाहरूले सजाउ । नगरलाई झकिझकाउ पार । कसैले बाटोमा बसेर कुनै कामधाम नगर्नु । अन्धो, कुप्रो, घाइते, बूढा-बूढी तथा रोगीहरूलाई कुनै पनि हालतमा बाटोमा आउनु नदिनु । यस्ताहरू दैलो थुनेर घरैमा बसिरहनु आदि ।" भनेर घोषणा गर्न लगाउनुभयो ।

यसरी सबैथोक मिलाई सकिएपछि राजकुमार सिद्धार्थलाई नगर भ्रमणको अनुमति दिइयो । अनि वहाँ राजकीय रथमा बसी नगर नियालेर हेर्नुभयो । त्यहाँ खुशी तथा हँसिलाहरू मात्र स्वागतार्थ उभिएका देख्नुभयो । नागरिकहरू वहाँलाई आफ्ना बीचमा आउनु भएको देखेर औधी खुशी भए । सबैजनाले वहाँको जयजयकार गरे । कसैले वहाँको बाटोमा लावा तथा फूलहरू छरे ।

त्यसैबखत अचानक एकजना बूढो मानिस लँगडाउँदै घरबाट बाहिर आइपुग्यो । उसको कपाल फूलेको थियो । आँखा अति कमजोर तथा आँसु र चिप्राले लट्पटिएको थियो । मुखमा दाँत एकओटा पनि थिएन । ऊ आफ्नो कुप्रिएको जीउ थाम्न दुबै हातले एउटा लौरो टेक्दै थियो । ऊ मुश्किलले आफ्नो जीउलाई थामेर कराउँदै थियो – "हे दयालुजन ! मलाई खाना देउ । म खान नपाई मर्न आँटें ।"

बाटोमा यस्तो बूढो मानिस देखेर सबैजना रिसाए । तर सिद्धार्थ कुमारले देख्नेगरी रिस पनि गर्न मिलेन । राजकुमारले नगर भ्रमणमा यस्तो कुनै मानिसलाई नदेखुन् भन्ने राजाको योजना भताभङ्ग भयो । त्यो बूढो मगन्तेलाई प्रहरीहरूले तुरून्त बाटोबाट हटाई एउटा घरमा हुलाइदिने कोसिस गरे । तर सकेनन् । राजकुमार सिद्धार्थले पहिले नै त्यो बूढो मानिसलाई देखिसक्नु भएको थियो ।

यस्तो बूढो मानिसलाई देखेर सिद्धार्थलाई अति दुःख लाग्यो । वहाँलाई, यो केको दृश्य हो ? भन्ने लाग्यो । अनि आफ्नो प्रिय सारथी छन्दकसँग सोध्नुभयो – "हे छन्दक ! त्यो के हो ? मानिस त पक्कै होइन होला ! यदि मानिस नै हो भने त्यो किन यति बिघ्न कुप्रिएको ? अरूको जस्तो उसको कम्मर किन सोझो नभएको ? किन त्यसरी थर थर कामेको ? कपाल पनि हाम्रो जस्तो नभएर गजबले फूलेको छ ? उसको आँखामा के भएको ? मलाई भन न छन्दक ! यसको मतलब के हो ?"

छन्दकले बिन्ती गर्‍यो – "राजकुमार ! यस्तोलाई बूढो भनिन्छ । ऊ जन्मजात त्यसो भएको होइन । ऊ पनि पहिले जवान छँदा उसको शरीर हृष्टपुष्ट तथा बलियो थियो । उसको कपाल कालो तथा आँखा तेजिलो थियो । तर जति जति समय बित्यो; त्यति त्यति उसको गति यसरी दुर्बल हुँदै गयो । यसमा हजुर ले चिन्ता नगर्नुहोला । बुढाबुढी भएपछि सबै जनालाई यस्तै हुन्छ ।"

"छन्दक ! तिमीले के भन्न खोजेको हँ ? सिद्धार्थले विस्मयपूर्वक सोध्नुभयो – "के सबैजनालाई यस्तै हुनेछ र ?"

छन्दकले दृढतापूर्वक जवाब दियो – "यो लोकमा भएका सबै प्राणीहरू धेरै दिन बाँचेपछि यो मानिस जस्तै हुन्छन् । यस्तो हुनबाट कोही मुक्त हुन सक्दैन ।"

सिद्धार्थले फेरि सोध्नुभयो – "सबैलाई यस्तै हुन्छ र ? छन्दक ! तिमी, म मेरा मुमाबुबा, मेरी पत्नी र हामी



Downloaded from http://www.dhamma.digital

सबैजना ऊ जस्तो नै हुनुपर्नेछ र ?" छन्दकले जवाफ दियो – "यस्तै हो हजुर ! यस्तो हुनबाट कोही पनि बच्न सक्दैन । यो बृद्धत्व हो ।"

राजकुमार सिद्धार्थलाई अब नगर घुम्ने इच्छा रहेन । वहाँले छन्दकलाई रथ तुरुन्त दरबार फर्काउन अऱ्हाउनुभयो । वहाँ आफूले देखेको भयावह समस्याबारे एकान्तमा बसेर बिचार गर्नुभयो – "अहिले म राजसिंहासनको उत्तराधिकारी छु । तर म तथा मेरा प्रियजनहरू पनि एकदिन यस्तै दुःखद् हालतमा पुग्नेछन् । यसबाट बच्ने उपाय छैन । जो कोही होस् । जहाँ होस् । कसैलाई छोड्दैन । चाहे धनी होस् । चाहे गरिब होस् । चाहे प्रतापशाली होस् । चाहे दीनहीन होस् । सबैको त्यही गति हुनेछ ।"

राजकुमार सिद्धार्थलाई रातमा निन्द्रा लागेन । आफू तथा आफ्नी पत्नी बूढाबूढी हुनेछन् भन्ने कल्पना गरिरहनुहुँदा मनमा जिज्ञासा उठ्यो – "यस्तो भयानक दुःखबाट मुक्तिको तरिका पत्ता लगाउन किन कोही ब्यक्ति कोसिस गर्दैन ? अरू सबैथोक गर्न छोडेर सारा मन, वचन र कर्मले यही एउटै विषयमा मात्र लागिपरेमा लोकका सबै प्राणीहरूका लागि उपकार हुने उपाय मैले भेट्टाउन सक्दिन र ?"

राजा शुद्धोदनलाई बाटोमा घटेको घटनाको बारेमा बेलीबिस्तार बताइयो । राजाले ठूलो अफसोस गर्नुभयो । अनि अझ धेरै मन लुभाउने र मोजमज्जाका साधनहरू राजकुमारलाई प्रबन्ध गरिदिनुभयो । तर पनि केही काम लागेन । युवक सिद्धार्थले ती कुराहरूमा कुनै चाख लिनुभएन । बरू वहाँले सर्वसाधारण जनताका दैनिक क्रियाकलाप हेर्न नगर भ्रमण गर्न जान चाहनुभयो ।

"सिद्धार्थकुमार फेरि नगर भ्रमणमा जानुहुँदा सामान्य जनताका जीवन देख्नुहुनेछ । जसले सेठका कुलमा अथवा राजा-रजौटाका कुलमा जन्मने सौभाग्य पाएका छैनन्, तिनीहरूले धेरै मेहेनतका साथ पसीना बगाई कृषि आदि कार्य गर्नुपर्छ । यस्ता कुराहरू सिद्धार्थले देख्नुहुनेछ । अनि कालदेवल ऋृषिको भविष्यवाणी सत्य ठहरिन आउला ।" भन्ने कुराको शुद्धोदन राजालाई डर थियो । तर पुत्रस्नेहको कारणले गर्दा अस्वीकार गर्नु पनि उचित ठान्नुभएन । तसर्थ राजकुमारले फेरि एकचोटी नगर घुम्नजाने मौका पाउनुभयो ।

अघि झैं रथमा नबसी सिद्धार्थ यसपालि हिंडेर नै भ्रमणमा जानुभयो । वहाँले अरू भद्रभलाद्मीहरूका जस्ता लुगाहरू लगाई राख्नुभएको थियो । छन्दक एकजना मात्र साथमा थियो । उसले पनि पहिले पहिलेको भन्दा भिन्नै प्रकारको पोशाक लगाएको थियो । त्यसो हुनाले वहाँले नगरलाई स्वाभाविक रूपमा देख्नुभयो । नागरिकहरू विभिन्न मेहनतसाथ काम गर्दै थिए । जस्तै - नकर्मीहरू फलाम पोली फाली, हँसिया तथा पाङ्ग्रा आदि बनाउँदै थिए ।

धनीहरूको बस्तीको सडकको दुबै छेउमा हीरा, मोति तथा सुनका गहना पसलहरू थिए । जौहरीहरू विभिन्न गहनाहरू बनाउँदै बेच्दै थिए । कुनै कुनै बाटोमा धोबी र छिपाहरूका पसलहरू थिए । तिनीहरू रङ्गी-चङ्गी सुन्दर-सुन्दर कपडाहरूलाई घाममा सुकाउँदै थिए । एकछेउमा मिठाईका पसलहरू थिए । ग्राहकहरू मिठाई किन्दै खाँदै थिए । सबैजना खुब मेहनत गरी जाँगरपूर्वक आ-आफ्ना काममा लागेका थिए । यी कुराहरू देखेर सिद्धार्थको मनलाई आनन्द लाग्यो ।

यसप्रकार अभिरूचिपूर्ण कुराहरू हेर्दै जाँदा-जाँदै तुरून्त नै राजकुमारलाई दुःख भयो । किन भने वहाँले पछाडिबाट कोही रोई-कराई गुहार मागिरहेको जस्तो पीडाको आवाज सुन्नुभयो । एकजना मानिस रहस्यमय ढङ्गले धूलोमा लटपटिएर भुईंमा छट्पटाईरहेको देख्नुभयो । मुख तथा जीउभरी राताराता खटिराले भरिएर फोहर देखिन्थ्यो । आँखाहरू पीडाले फर फराउँदथ्यो । उठ्नको लागि दाँत किटी जीउ ठाम्न कोसिस गरेता पनि हरेक पटक भुईंमा नै ढल्दथ्यो ।

सिद्धार्थ दया र करूणाका साथ तुरून्त त्यो मानिसको नजिक पुग्नुभयो । वहाँले उसलाई थामेर उठाउनुभयो । उसको शिरलाई आफ्नो घुँडामा थामी केहीछिन सुस्ताउन दिइसकेपछि वहाँले सोध्नुभयो – "कहाँनिर दुःखेको छ ? किन उठ्न नसकेको हो ?" त्यो रोगीले बोल्न खोज्यो । तर बोली फुटेन । आवाज आउनेगरी बोल्न उसको श्वासले पुगेन । अनि राजकुमार ले सोध्नुभयो – "हे छन्दक ! यो मानिस किन यस्तो



Downloaded from http://www.dhamma.digital

भएको ? उसको श्वास कस्तो भएको हो ? उसले किन मेरो प्रश्नको जवाब दिन नसकेको हो ?"

छन्दकले आएर बिन्ती गर्‍यो – "हजुर ! यसलाई नछुनु होला । यो बिरामी हो । यसको शरीरभित्र भयानक रोग चर्को भएर श्वास तान्न पनि गाह्रो भएको छ । उसको रगत विषले भरिएको हुन्छ । पछि उसको श्वास रोकिनेछ । अनि सिद्धार्थले सोध्नुभयो – "के अरू मानिसहरूलाई पनि यस्तो हुने गर्छ र ? म पनि यस्तो हुनेछु र ?"

"यदि त्यो बिरामीसँग यसरी नजिकिएर लसपस हुनुभयो भने हजुरलाई पनि त्यो रोग सर्नसक्छ । त्यसो हुनाले यसलाई छोड्नु होला । यसलाई समाती नराख्नुहोला ।" छन्दकले भन्यो ।

"ए छन्दक ! यो रोग बाहेक अरू अरू पनि डर लाग्दा कुराहरू छन् के ?"

"हजुर धेरै छन् ! सबैलाई यस्तै दुःखले च्यापेको हुन्छ ।"

"के त कसैले पनि निवारण गर्न सक्दैन र ? यस्तो रोगहरूप्रति मनुष्यहरू विजय पाउन सक्दैनन् र ?"

"यस्तो हुनु स्वाभाविक हो हजुर । कसैलाई थाहा हुँदैन । कुनदिन कसलाई कुनरोग लाग्ने हो ? किन भने रोग भनेको त जो कसैलाई जुनबेला पनि हुनसक्ने कुरो हो ।"

"सबैलाई नै हुन्छ र ? मालिकहरूलाई पनि, मलाई पनि हुन्छ र ?"

"यस्तै हो हजुर ! रोगले कसैलाई पनि बाँकी राख्दैन ।"

"यदि त्यस्तो हो भने लोकमा हरेक प्राणी संधै भयभीत भइरहनुपर्ने हुन्छ । किनभने कसैलाई थाहा छैन कि आफू आज राती सुतेर भोलि उठ्दा यो मानिस झैं बिरामी परिसकेको हुने हो कि ! के यो साँचो कुरो हो ?"

"हो हजुर ! को कहिले र कुन किसिमको रोगी हुन्छ ? भनेर थाहा पाउने कोही छैन । अनि असह्य कष्ट सहेर मर्छ ।"

"मर्छ रे ! यो के भनेको हो ? मर्नु भनेको के हो ?"

अनि छन्दकले औंल्याउँदै सिद्धार्थलाई भन्यो – "उता हेर्नुहोस् त हजुर !"

राजकुमार सिद्धार्थले के देख्नुभयो भने एउटा समूह रूँदै गइरहेको थियो । त्यसका अगाडि चारजना मानिसहरूले घारोमा एउटा लास लगिरहेको थियो । त्यसको मुहार दुब्लो थियो । डरलाग्दो तालले मुख बाएको थियो । बोक्नेहरूले जसरी चलाए तापनि, उचाले तापनि चुपचाप बसेको थियो । वहाँले विचार गर्नुभयो – "यसरी सबैजना किन रूनुपरेको होला ? तथा त्यो लेटेको मानिसले आफूलाई बोक्नेहरूलाई "अलि सम्हालेर होशियारीसाथ लैजाउ" सम्म पनि किन नभनेको होला ?"

सिद्धार्थको मनमा झन आश्चर्य लाग्यो; जब तिनीहरूले केही टाढा गइसकेपछि त्यो लासलाई चितामा राखी आगो सल्काइदियो । त्यो लास आगोले खाँदा पनि चुपचाप बसिरहेछ । सिद्धार्थले काँपेको स्वरमा छन्दकसँग सोध्नुभयो – "यो के हो छन्दक ? अरूहरूले आगो बालिदिँदा पनि त्यो मानिस किन चुपचाप लेटीरहेको होला ?"

"हजुर ! त्यो मरेको मानिस हो । हुन त ऊसँग हात खुट्टाहरू छन् । तर पनि ऊ केही गर्न सक्दैन । आँखा तथा कान छन् । तर केही काम लाग्दैन । उसले गर्मी जाडो आदि केही चाल पाउँदैन । उसको सारा संवेदनशीलता भनेको नै खतम भइसक्यो । किनकि ऊ मरिसक्यो ।"

"मरिसक्यो रे ? ए छन्दक ! यो मर्नु भनेको मतलब के हो ? म पनि मर्नुपर्छ र ? मेरा पिता र पत्नी यशोधरा तथा अरू मैले चिने जानेका सबैजना यो घारोमा लेटाइएको मानिस जस्तै नै मर्नुपर्छ र ?"

"हो हजुर ! सम्पूर्ण प्राणीहरू एकदिन मर्नैपर्छ । यसबाट बच्ने कुनै उपाय छैन । मरण आउनबाट कसैले रोक्न सक्दैन ।"

राजकुमारलाई अचम्म लाग्यो । वहाँको मुखबाट बोली निस्केन । वहाँलाई लाग्यो, यो अजेय मृत्युले सम्पूर्ण प्राणीलाई दबाइराखेको बडो भयानक छ ।

सिद्धार्थ चुपचाप दरबारमा फर्कनु भई आफूले देखेका तथा अनुभव गरेका कुराहरूको बारे चिन्तन गर्नुभयो – "यो त निक्कै भयानक कुरो हो । सबैजना कुनै न कुनै दिन मर्नैपर्छ । तर यसबाट मुक्त हुने कुनै न कुनै बाटो त अवश्यै हुनुपर्दछ । मेरो आफ्नै लागि, मेरा माता



Downloaded from http://www.dhamma.digital

पिताका लागि, घरकी यशोधराका लागि अझ बाँकी सम्पूर्ण प्राणीहरूका लागि यस्तो अप्रिय कुराको भयबाट बच्ने उपाय मैले अवश्य नै पत्ता लगाउनु पर्छ।"

अर्कोचोटी राजकुमार सिद्धार्थ घोडा चढीकन उद्यानमा चहारी रहनुभएको बेलामा एकजना प्रव्रजितलाई देख्नुभयो। उसले पहेँलो गेरूवा वस्त्र लगाएको थियो। राजकुमारले नियालेर त्यो प्रव्रजितलाई हेर्नुभयो। प्रव्रजितको मनमा शान्ति सुखले भरिएर शीतल भएको आभास वहाँले पाउनुभयो। वहाँले छन्दकसँग यो प्रव्रजित व्यक्तिको व्यवहार तथा आजीविकाबारे सोध्नुभयो। छन्दकले बिन्ती गर्‍यो – "लोकका दु:ख दर्द हटाउने उपाय खोज्नका लागि घरबार छोडेका यस्ता व्यक्तिलाई गृहत्यागी भनिन्छ।" यो सुनेर राजकुमार सिद्धार्थको मन साह्रै प्रमुदित भयो।

त्यो दिन वहाँ त्यस उद्यानको एकछेउमा दिन भरी आनन्द तथा सुखपूर्वक बिताउनुभयो। वहाँको मनमा गृहत्याग गर्ने विचार आइरह्‌यो। त्यसैबेला एकजना आएर बिन्ती चढायो – "हजुरकी अर्धाङ्गिणी यशोधरादेवीले सुन्दर र स्वस्थ छोरा जन्माइन्।" तर राजकुमार सिद्धार्थले यो खबरबाट कुनै खुशी मान्नुभएन। बरू वहाँ बरबराउनुभयो – "मलाई पासो बन्ने राहु उत्पन्न भयो।" वहाँले यस्तो बोल्नु भएकोले सो भरखर जन्मेको राजकुमारलाई "राहुल" भनी नामाकरण गरियो। जसको अर्थ हो "बन्धन"।

राहुल कुमार जन्मे पनि सिद्धार्थ पुत्रस्नेहमा नपरेको कुरो दरबारका सबैजनाले स्पष्ट देखे। सिद्धार्थको व्यवहार झन बदल्न थाल्यो। वहाँ झन विचार-मग्न हुनुभयो। यसले गर्दा राजा शुद्धोदनलाई साह्रै पीर पर्‍यो। राजकुमारलाई खुशी तथा प्रसन्न पार्नका निमित्त नाचगान गर्न सबभन्दा सिपालु एवं अति सुन्दरी तरूणीहरू दरबारमा लगाई दिनुभयो। ती कन्याकेटीहरूले यथाशक्य आकर्षक ढङ्गले नाचगान गरिकन राजकुमारलाई खुशी पार्न खोजे।

शुरू-शुरूमा राजकुमारले आफ्ना पितालाई बेखुश हुन नदिन त्यो नाचगान हेर्नु र सुन्नुभयो। तर वहाँले त्यसमा धेरैबेर ध्यान दिन सक्नुभएन। वहाँको मन निरन्तर अर्कै कुराहरूमा रूमल्लीरहेको थियो। वहाँले एउटै कुरालाई मात्र विचार योग्य ठान्नुभयो। त्यो हो – "आफूलाई तथा अरूहरूलाई बूढा हुनु, रोगी हुनु र मर्नुबाट कसरी मुक्त गर्ने ?" सिद्धार्थको ध्यान तान्न नसकेर नाचगान गर्नेहरूले नाचगान बन्द गरे। तिनीहरू त्यहीं सुतिहाले।

एकछिन पछि राजकुमार सिद्धार्थ निन्द्राबाट बिउँझनुभयो। वहाँले सुतिरहेका नट-नटी र गायक गायिकाहरूलाई देख्नुभयो। तिनीहरू थाकेर निदाएका थिए। तिनीहरूले आफ्नो मर्यादाको पनि होश गर्न सकेका थिएनन्। कोही नाक बजाई घरघराउँदै थियो। कोहीले मुख बाएका थिए। कोही आफ्ना गरगहना तथा लुगामा पर्ने गरी मुखबाट र्‍याल चुहाई निदाइरहेका थिए। कोही रिसाएको पिशाच झैं दाह्रा किट्दै थिए। कसै कसैका जीउबाट लुगा पनि खुस्केको थियो। यो घीनलाग्दो दृश्य देखेर राजकुमारलाई आश्चर्य लाग्यो – "अघि अघि म यस्ता आइमाईहरूमा कसरी सन्तुष्ट हुनसकेको हूँला!"

"पहिले मनपर्दा र सुन्दरी ठानिने यी आईमाईहरूका आकार प्रकार अहिले छि! कस्तो! घीनलाग्दो छ।" यस्तो अस्त-व्यस्त दृश्य देखेर राजकुमार सिद्धार्थको हृदयमा जन्मेदेखि आएको वैराग्य जाग्यो। अनि वहाँले यी सारा झमेलाहरूलाई फाली यथार्थ सुख प्राप्त हुने कुरोको खोजीमा जाने निर्णय गर्नुभयो। अनि राजकुमार सिद्धार्थ कसैले पनि चाल नपाउने गरी चुपचाप उठी बिस्तारै कोठाबाट बाहिर निस्कनुभयो। छन्दकलाई आफ्नो मनपर्ने सेतो कण्ठक घोडा तयार गरिल्याउन अह्राउनुभयो।

सिद्धार्थले विचार गर्नुभयो – "राजदरबार छोडेर जानु अघि यशोधरा र पुत्र राहुललाई हेर्न जानुपर्‍यो।" अनि तिनीहरू सुतेको कोठामा जानुभयो। त्यहाँ यशोधरादेवी पुत्रलाई अङ्कमालगरी निदाइरहेकी थिइन्। वहाँको मनमा आयो – "यदि मैले राहुललाई लिएँ भने यशोधरादेवी बिउँझनेछे। यस्तो भएमा मेरो गृहत्यागमा बाधा पर्नेछ। तसर्थ म तुरून्तै जानुपर्‍यो। बरू ज्ञान पाएपछि आएर भेट्नेछु।" अनि त्यही मध्यरातमा कसैले चाल नपाउनेगरी राजकुमार सिद्धार्थ राजदरबारबाट निस्कनुभयो।



Downloaded from http://www.dhamma.digital

सिद्धार्थ बुझक्कड कण्ठक घोडाको पिठ्यूँमा बसेर नगरद्वारको बाहिर पुग्नुभयो । कसैले नबिथोल्ने गरी छन्दक पनि सँगै गयो । अलि पर पुगेपछि राजकुमार सिद्धार्थले घोडालाई एकचोटी पछाडि फर्काई पूर्णचन्द्रको प्रकाशमा अन्तिम पटक कपिलबस्तु नगरलाई हेर्नुभयो । तर वहाँको मनले भने हर तरहले गृहत्याग गरी जानमा नै भलो ठान्नुभयो ।

राजकुमार सिद्धार्थ कण्ठक घोडा चढेर मिरमिरे उज्यालो हुँदा अनोमा नदीपारी पुग्नुभयो । त्यहाँ वहाँले घोडाबाट ओर्लेर नदीको बालुई किनारमा उभिनुभयो । अनि आफ्ना लगाएका वस्त्र-आभरणहरू सबै उतारेर छन्दकलाई दिनु भई अऱ्हाउनुभयो– "यी वस्त्राभूषणहरू र कण्ठक घोडा लिएर तिमी कपिलबस्तु नगर फर्क । मेरो विषयमा मातापितालाई खबर गर ।" यसरी शाक्यवंशीय राजकुमार सिद्धार्थले प्राणी मात्रको रोग, शोक र पीडामाथि विजय पाउने बाटो पत्ता लगाउन २९ वर्षको उमेरमा मातापिता तथा राज्य श्री-सम्पत्ति सबै त्यागेर प्रब्रजित हुनुभयो ।

■

# अष्टाङ्गिक मार्ग

✍ भिक्षु विशुद्धानन्द

हृदयमा श्रद्धाको धड्कन, उत्साहले पूर्ण यौवन
अप्रमादी दुई नयन, शान्त स्थिर चाल
अधरमा प्रज्ञाको मुस्कान, भएकी तिमी को हौ ?
मिथ्या धारणा भ्रमको निवारण
यथार्थ बोध ज्ञानको उदय
त्याग र मैत्री करूणा नै साध्य
हुँ म उपासिका हुँ म उपासिका
झूठो चुक्ली कटु अनर्थक वचन
हिंसा चोरी व्यभिचार छाडी
परहानी ठगी पेशाका त्यागी
हुँ म उपासिका हुँ म उपासिका
जाँगर जोश निरन्तर प्रयत्न
सजग सावधान सतर्क होशियार
अकम्पित मन दृढ लगनशील
हुँ म उपासिका हुँ म उपासिका

■

# क्वब थुवाःयात

✍ आनन्द सिद्धि तुलाधर

- १ -

मैत्री, मुदिता, करूणा, उपेक्षा नांया
जातं जातया स्वाँ ह्वयाः
नस्वाः ह्वलाच्वंगु पुण्य क्वबय्
राग, द्वेष, मोह, लोभया कँमा पियगु कुतः
यायमते छं क्वब थुवाः

- २ -

## बोधिवृक्ष

बांलाक नुगः मिखाँ मालास्व
बोधिवृक्ष सिमा क्वय्
आः नं दनि यक्व यक्व रत्न
सत्य-रत्न प्यंगः जक जूसां
ल्वीका का अन सिमा क्वय्
थ्यंके फै अले दुःखं मुक्त ज्वीगु मार्गय् ।

- ३ -

## क्षमा

क्षमा याय् फयकि
क्षमा फ्वने सयकि
थःगु द्वंगुया हुनिं सुनानं बिउगु क्षमायात
लयलयताया स्वीकार याय् फयकि
मन याउंसे च्वना याउंक न्ह्योवइ ।

■

# श्रामणेर हुँदा

✍ श्रा. सुमन कीर्ति

सबै भन्छन् मलाई,
जाउ तिमी छोडी सबैलाई ।
भन्छन् सबै आयौ तिमि,
किन यहाँ भई गृह त्यागी ?
भन्छु म सबैलाई नै,
थियो मेरो आशा यहि नै ।
सानै देखि म मा थियो नै,
हुने बिरूवाको चिप्लो पात भने झैं ।
आएँ म ठूलो आशमा,
परें म ठूलो अन्मोलमा ।
बल्ल प्राप्त गरें बुद्धको एक अंशलाई,
कोही रहेन सम्झाउने यो पीडित श्रामणेरलाई ॥



Downloaded from http://www.dhamma.digital

# धम्मपद - ९६

✍ रीना तुलाधर

**पापं चे पुरिसो कयिरा - न तं कयिरा पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ - दुक्खो पापस्स उच्चयो ॥**

**अर्थ** – यदि पाप गऱ्यौ भने फेरि फेरि पाप नगर, पाप गर्नेमा इच्छा पनि नगर किनभने पाप गर्दै जानु दुःखको मूल कारण हो ।

**घटना** – भगवान बुद्ध जेतवन महाविहारमा विहार गरिरहनु भएको थियो । त्यसबखत सेय्यसक नाउँ भएका एक भिक्षु थिए । त्यस भिक्षुलाई प्रव्रजित जीवनमा मन लागेको थिएन । उसलाई काम तृष्णा हुन्थ्यो । आफैले काम तृष्णा जगाउने बानी थियो । त्यस भिक्षुका गुरु लालुदायी स्थविर थियो । उसले आफूलाई प्रव्रजित जीवनमा मन नलागेको कुरा आफ्ना गुरुलाई भने । गुरु चाहिँले उसलाई संघादिसेस भन्ने नियम आपत्तीमा राखे ।

भगवान बुद्धले यो कुरा थाहा पाउनु भएपछि सेय्यसक भिक्षुलाई बोलाउन पठाएर उसैसंग के यो सबै साँचो हो भनेर सोध्नु भयो । उसले "हो" भनेर दोष स्वीकार गरेपछि भगवान बुद्धले "तिमीले नराम्रो कर्म गऱ्यौ" भनेर अनेक प्रकारले शिक्षा दिनुभयो । त्यसैबखत भगवान बुद्धले भिक्षुहरूलाई त्यस्ता यौन सुखमा आनन्द मान्न नहुने नियम बनाई दिनुभयो । यस्ता कामले यस जीवनमा र मरण पछि पछिल्ला जीवनहरूमा पनि दुःख उत्पन्न हुन्छ भनी धर्मदेशना गरी उपरोक्त गाथा भन्नुभयो ।

## धम्मपद - ९७

**पुञ्ञं चे पुरिसो कयिरा - कयिराथे तं पुनप्पुनं ।**
**तम्ही छन्दं कयिराथ - सुखो पुञ्ञस्स उच्चयो ॥**

**अर्थ** – यदि पुण्य गऱ्यौ भने फेरि फेरि पुण्य गर । पुण्य गर्ने इच्छा पनि गर । किनभने पुण्य संकलन गर्नु भनेको सुखको मूल कारण हो ।

**घटना** – एक समय महाकाश्यप स्थविर पिप्फली गुफामा ध्यान बसेर सात दिनसम्म समाधिमा बसिरहनु भएको थियो । सातौं दिनमा समाधिबाट उठेर त्यस दिन कसैको हातबाट दान लिएर त्यसको कल्याण गर्छु भनी सोची निस्कनु भयो । एउटी आइमाई खाना पकाइराखेकी देख्नुभई उसैको अगाडि उभिन जानुभयो । स्थविरलाई देखी मन प्रसन्न गरी ती आइमाईले स्थविरको पात्रोमा आफूले पकाएको खाना दान दिई "मेरो यो पुण्यले मैले पनि सत्य धर्मको ज्ञान प्राप्त गर्न सकुं भनेर आशिका गरिन् ।" स्थविरले "तिम्रो आशिका पुरा होस्" भनी त्यहाँबाट जानुभयो ।

केही समयपछि विषालु सर्पले टोकेर ती आइमाई मरिन् र तावतिंस देवलोकमा देवकन्या भएर उत्पन्न भएर स्वर्गलोकको भोग विलासीय सम्पत्तिले सम्पन्न भइन् । आफ्नो श्रीसम्पत्ति के कारणले बन्यो भनी सोच्दा अघिल्लो जन्ममा महाकाश्यप स्थविरलाई दान दिएको पुण्यले त्यो भव्य सुख प्राप्त भएको हो भनी जानिन् । आफ्नो सानो पुण्य कार्यले यति ठूलो सुख सम्पत्ति प्राप्त भयो अब यो पुण्य कार्यलाई निरन्तर बढाउँदै जानुपऱ्यो भनी सोचिन् । दिनहुँ विहान महाकाश्यप स्थविरको विहारमा गई त्यहाँ सेरे-सफाई गर्ने, पानीको भाँडोहरूमा पानी भर्ने र अरू सेवाहरू गर्ने गरिन् । स्थविरले पहिले पहिले त त्यो विहारमा बस्ने कुनै श्रामणेरले ती कामहरू गरेको होला भनी ठान्नुभयो । पछि कुनै देवकन्या आएर ती कामहरू गर्ने थाहा पाएपछि उहाँले ती देवकन्यालाई "कुनै एउटी कन्याले मेरो ब्यक्तिगत रूपमा सेवा गर्न आएको थाहा भयो भने मलाई अरूले आलोचना गर्नेछन् । त्यसैले तिमी अबदेखि यहाँ नआऊ" भन्नुभयो । स्थविरको यो कुरा सुनेर उनले रोएर विलाप गर्दै भनिन् – "मैले प्राप्त गरेको सम्पत्ति विनाश नगर्नुस् । मेरो सम्पत्तिलाई स्थीर गराउनुस् ।"

भगवान बुद्धले उनी कराएर रोएको सुनेर त्यहाँ पुग्नुभयो र भन्नुभयो – "मेरा स्थविर काश्यपको शील परिशुद्ध गरेर बस्नु नै कर्तब्य हो । पुण्य गर्नु राम्रो भएपनि एक्ली कन्या आएर विहारमा काम गर्नु राम्रो छैन । पुण्य प्राप्त गर्नलाई कुनै पनि कुशल कर्म गर्न सकिन्छ । पुण्य कार्य गर्नु भनेको यस लोक र परलोकमा पनि सुख प्राप्त हुने हो ।" यस्तो धर्मदेशना दिई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

■



Downloaded from http://www.dhamma.digital

# ला-म्हेन्दो अर्थात् (टटेलाको फूल)

✍ धर्मराज तामाङ्ग

ऐतिहासिक युगदेखि नै तामाङ्ग जनजातिमा जुनसुकै शुभ अशुभ कार्यमा नभै नहुने शुद्ध (चोखो) गर्दा पनि चाहिने एकमात्र टटेलाको पवित्र फूल हो। जसलाई तामाङ्ग भाषामा कोको म्हेन्दो अथवा ला-म्हेन्दो पनि भन्ने गर्दछन्। तामाङ्ग मात्र नभै तिब्बतियन, श्यार्पा, थकाली गुरूङ्ग जनजातिको पनि अत्यन्तै लोकप्रिय फूल भएकोले यसैलाई प्रयोग गर्ने गर्दछन्। तिब्बत, नेपाल, भारत, सिक्किम, भुटान र बर्मा आदि राष्ट्रहरूमा छरिएर रहेका हाम्रा तामाङ्ग जनजातिले यो फूललाई मुख्य राष्ट्रिय फूलको रूपमा मानिआइरहेका पनि छन्।

तिब्बतियन भाषामा यसलाई चाम्पाका म्हेतोग भन्ने गर्दछन्। चाम्पा भनेको करूको सेन्तोपिठो हावाले फुरूरू उडाई लैजाने जस्तो भनेर चाम्पाका म्हेतोग भनेको हुनुपर्दछ। यो टटेलाको फूल प्राय: गरी एशिया दक्षिण भू-भाग गर्मी ठाउँहरूमा पाइने हुँदा हिमाली भेगमा थोरै मात्रामा पाइन्छ। खासगरी यो फूलको बोट जङ्गलमा नै अत्यधिक मात्रामा पाइन्छ। कतैकतै नपाइने ठाउँमा भने विरूवा लगेर वारीको डिलमा रोपेर राख्ने चलन पनि नभएको होइन। जस्तै तिब्बतमा भने नेपालबाटै लैजाने गर्दछन्।

यो एक किसिमको अनौठो मात्र नभै अचम्मको शान्तिप्रिय पवित्र फूल हो। यसको रूख निकै अग्लो र ठूलो पनि हुन्छ। यसको पात हरियो फुस्रो रङ्गको केही लामो झण्डै मेवाको पात आकारको लामो डाँठ भएको हुन्छ। यो फूल वैशाखदेखि जेठ भरमा कोपिला लागेर कोइरालाको फूल जस्तो आकारले फुल्दछन्। त्यसको माझमा तरवार जस्तो चपेटो हरियो रङ्ग भएको कोसा पनि फल्दछन्। यो कोसा क्रमश: लामो बढ्दै जान्छ र भदौ असोजमा छिप्पिएर टिप्न शुरू हुन्छ। यो २/४ इन्च चौडाई र १५ देखि ३० इन्चीसम्म लामो हुन्छ। त्यसको भित्री भागको माझमा चाहिं जिब्रो जस्तो पातलो एउटा वारपारको लामो जिब्रो पनि हुन्छ। त्यसको तलमाथि दुवैतिर दोहोरी फैलिएको सूर्यको किरण जस्तो ज्योति कष्टिक सेतो फूल कोसा भित्र नै फुलेर बसेको हुन्छ। यो ३ इन्च चौडाई र २४ इन्च लम्बाई भएको कोसा भित्र ५४३ (पाँचसय त्रिचालीस) वटा फूल पाइएको छ। यो फूलको पात भित्र चेप्टो पातलो दुईवटा बियाँ पनि हुन्छन्। यो फूललाई समयमानै टिपेर गाउँघरमा जगेर्ना राख्ने गर्दछन्।

यो फूल तामाङ्ग जनजातिको निम्ति शुभ अशुभ जनुसुकै कार्य गर्दा पनि नभै नहुने हुन्छ। जस्तै साङ्ग सेर्केम गर्दा सगुनको माथितिर कोको-म्हेन्दो ३ पात देखि जति सुकै भएपनि सिउरिने परम्परा अद्यपि यथावत छँदैछ।

औतारी धर्मगुरु अथवा आचार्य (घेसे) न्हिन्पोछेले पनि कुनै धर्मशास्त्रको वाङ ल्हुङ (अभिषेक) को समयमा विश्व शान्तिकै निम्ति टासी मोलाम (शुभ मंगल) गर्दा अनिवार्य रूपमा यो कोको म्हेन्दको फूल र अक्षता समेत संगै चढाउने गर्दछन्।

यो फूल खासगरी तामाङ जनजाति मात्र नभै विश्वकै मानव समाजले पुण्य-प्राप्तिका लागि यस्तो पवित्र चोखो फूललाई उपयोग गर्नु गराउनु सामाजिक तथा धार्मिक रूपमा परम्परा रहेको पाइन्छ।

यो फूललाई सबभन्दा चोखो पवित्र फूल मानिन्छ। बौद्ध विश्वासनुसार कलिको अन्तसम्ममा पनि अर्थात साङ्गे तोङचाडी (एकहजार दुई बुद्ध) औतारी भै निर्वाण हुनेछन्। त्यस समयमा पनि कोको-म्हेन्दोको कोसा भित्र पनि एकहजार दुई फूलहरू फुल्नेछन् भन्ने बुढापाकाहरूको भनाई (किम्वदन्ति) पाउनुको साथै काङज्पुरमा पनि उल्लेख गरेको छ भनिन्छ।

यस्तो विश्वशान्तकै निम्ति प्राकृतिक संघर्षशील रहि यो फूल सुरक्षित रही आएको सर्वविदितै छ। यस्तो पवित्र फूलको दर्शन गर्न पाउनु भनेको पुण्य लाभ कमाउनु हो।

**औषधोपचार बारे :-**

यसको कलिलो कोपिला फल र कोसा समेतको तरकारी पनि खान हुन्छ। त्यस्तै गरी कोपिला फूल र कोसा छाँयामा सुकाई चुर्ण बनाई राख्ने पनि गर्दछन्।

(क) शुल, वायु, गानु, गोला, आउँ, रगतमासी, ग्याष्टिक र अरूचि आदि पेटको रोगमा दिनमा



Downloaded from http://www.dhamma.digital

एकदुई मासासम्म तातो पानीमा खाने गर्नाले रोग नष्ट हुन्छ ।

(ख) दोख भएमा ५ वा ७ वटा फूल भित्रको बियाँ पानीमा घोटेर विरामीलाई दिनाले दोख नष्ट हुन्छ र भैराखेको पनि गाउँघर जनमानसमा विश्वास रही आएको सर्वविदितै छ ।

त्यसकारण आजकाल काठमाडौंको बजारमा पनि एक किसिम आर्थिक उपार्जनको दृष्टिले पनि अत्याधिक मात्रामा यो फूल किनबेचको (ब्यापार) दिन प्रतिदिन बढ्दै गइरहेको देखिन्छ ।

यस्तो सांस्कृतिक फूललाई राष्ट्रिय सन्मान र संरक्षण गर्नुपर्ने जरूरी देखिन्छ । २१ औं शताब्दीले कोल्टे फेरिसक्दा पनि यो फूलले सन्मान र संरक्षण पाएको नदेख्दा ज्यादै दुःख लागेको छ ।

■

## होशियार !!!

✍ भिक्षु विपस्सी

हे बोधिप्रेमी, तिमी अहिले यहाँ जन्मने समय भएको छैन ।
पहिले जस्तै लुम्बिनीमा उभेर तिमीले हात उठाएमा
तिम्रो हात काट्न सक्छ ॥१॥

हे ध्यानप्रेमी, तिमी ध्यान गर्ने ठाउँ अहिले यहाँ उपलब्ध छैन ।
गयाको बोधिवृक्ष मुनि बसेर सम्बुद्ध हुन खोजेमा
त्यहीं झुण्ड्याई दिन सक्छ ॥२॥

हे धर्मोपदेशक, तिमीलाई अहिले यहाँ उपदेश गर्न दिने छैन ।
मानव-मानसिक स्वतन्त्रताको अर्ति उपदेश दिएमा
गोलि पड्काउन सक्छ ॥३॥

किन कि यहाँ अहिले वर्णवादी धूर्तहरूको बोलवाला छ ।
शक्तिपिपाशु अहंकारीहरू साधन सम्पन्न भएर
कुस्वार्थ रक्षा गर्दैछन् ॥४॥

यदि ती हत्यारा, हैकमवादी, उग्रपन्थी दानवहरूलाई
क्षमा, शान्ति र सत्यको बलले, बहुजन हित-सुखको
मतले जित्न सकेमा हो ॥५॥

नत्र ... !

*(लुम्बिनीमा जापानी भिक्षु युताका नावातामेको हत्या गरेको सन्दर्भमा)*

## दया दृष्टि देउ

✍ सुवर्ण बज्राचार्य

दया दृष्टि देउ भगवान नादान प्राणीमा
ज्ञान देउ मानवताको अज्ञानी हामीमा
अबोध भै बाँचुँ कति आकांक्षाको जालो बुनी
कहिले होला तृप्ति मेरो असिम लोभी पापी जुनी
दया दृष्टि देउ भगवान् !

कहाँबाट आयो मेरो हृदय भित्र दानवता
कहाँ गयो मेरो अन्तस्करणबाट मानवता
दया दृष्टि देउ भगवान !

जीवन ब्यर्थै विती गयो सुन्यतालाई छोप्न खोज्दा
सुख खोजी दुःख पाएँ अविद्याको बाटो रोज्दा
दया दृष्टि देउ भगवान !

अजम्मरी छैनन् कोई केही पल बाँच्नेछ
लानु केही छैन केवल मुठी खोली जानुछ
दया दृष्टि देउ भगवान !

## "बाबा" (दान ब. शाक्य)

✍ छोरी "अवनी"

बाबा तिम्रो न्यानो छाँया र मायामा
हुर्केकी चेली 'म'
तिम्रो एउटा मिठो सपना थिएँ ।
बाबा तिम्रो मुस्कानका साथ मुस्काउन सिकें
तिमीले सारी दिएको हरेक पाइला पाइलाबाट
हिड्न सिकें
तोते बोली र लड्खडाएका पाइला संहालेर
हुर्काएकी चेली 'म'
तिम्रो एउटा मिठो सपना थिएँ ।
लाड र प्यारले यति हुर्कायौ, यति बढायौ
थाहै भएन आज अचानक पराई भएँ
कर्तव्य मलाई सिकाउँदा सिकाउँदै
आफ्नो कर्तब्य पूरा गरायौ ।
गहभरी आँसु लुकाई बाबा !
किन मलाई बिदा गरायौ ?
मुटुको एक टुक्रा थिएँ दर्द दिएँ
टुटेर गएँ दर्दको महसूस गरें ।
बाबा तिम्रो न्यानो छाँया र मायामा
हुर्केकी चेली 'म'
तिम्रो मिठो सपना थिएँ आज अचानक पराई भएँ ।



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी बुद्ध विहार, लुम्बिनी धर्मोदय कमिटी

✍ भिक्षु विमलानन्द

लुम्बिनी बुद्ध बिहारको निर्माण कार्य सन् १९५५ मा पूरा भएको हो । यो विहार श्री ५ महेन्द्र सरकारको तर्फबाट आर्थिक सहयोग प्राप्त भई स्थापना भएको र यस विहार संरक्षण गर्नको लागि लुम्बिनी धर्मोदय कमिटीलाई लालपूर्जा सुम्पिदिएको थियो । लुम्बिनी धर्मोदय कमिटीकै तर्फबाट यहाँ भिक्षुहरूको बसोवास र संरक्षण कार्य हुँदै आएको छ । श्री ५ को सरकारले भिक्षुहरू र सेवक कर्मचारीहरूलाई भनी प्रदान गर्दै आइरहेको अनुदान रु. ६०००/- त्यसबेलादेखि आजसम्म पनि त्यतिमा नै सीमित रहेको छ । तर आजभोली महँगीको कारणले गर्दा विहारमा बस्ने भिक्षु र सेवकहरूलाई त्यति रकमले नपुग्ने हुनाले रु. ६०००/- बाट क्रमश: बढाउँदै हाल रु. १६०००/- सम्म खाना खर्च लुम्बिनी धर्मोदय कमिटीले ब्यहोरी राखेको छ ।

लुम्बिनी धर्मोदय कमिटी स्थापना भएपछि लुम्बिनीको सेवा गर्ने भिक्षुहरू मध्येमा भिक्षु धर्मालोक प्रमुख हुनुहुन्छ । उहाँको जीवन कालमा उहाँको एक मित्रको तर्फबाट एक भब्य सुन्दर कलाको बुद्ध मूर्ति लुम्बिनी बुद्ध विहारमा स्थापना भएको थियो । योभन्दा पहिले बर्माका प्रधानमन्त्री श्री उ नू को पालामा भिक्षु अनिरूद्ध महास्थविरले संगमरमरबाट बनेको सेतो बुद्ध मूर्ति त्यस विहारको लागि उपलब्ध गराउनु भएको थियो । त्यस्तै श्रीमती बद्रीमाया मानन्धरले पनि ढलोटका बुद्ध मूर्ति र थाइल्याण्डका एकजना दाताले पनि एक बुद्ध मूर्ति चढाएको थियो ।

लुम्बिनी धर्मोदय कमिटी स्थापना हुँदा कमिटीका पदाधिकारीहरू क्रमश: यसरी हुनुहुन्थ्यो- सचिव महानाम महास्थविर, सभापति चित्तधर हृदय, पछि, सचिव दयावीर सिंह, कोषाध्यक्ष मणीहर्ष कंसाकार । केहीवर्ष पछि फेरि पदाधिकारीहरूमा यसरी अदलबदल भएको थियो । सभापति दयावीर सिंह कंसाकार, सचिव प्राध्यापक आशाराम शाक्य, कोषाध्यक्ष मणीहर्ष कंसाकार । लुम्बिनी धर्मोदय कमिटी स्थापना भएपछि लुम्बिनीमा सेवा गर्ने भिक्षुहरूमा भिक्षु धम्मालोक महास्थविर, भिक्षु महानाम महास्थविर, भिक्षु चुन्द महास्थविर आदि हुनुहुन्छ । भिक्षु धम्मालोक महास्थविर परलोक भएपछि भिक्षु महानाम महास्थविर र भिक्षु चुन्द महास्थविरले लुम्बिनी छोडेर जानु भएपछि भिक्षु अनिरूद्ध महास्थविरज्यू बुद्ध मन्दिरमा रहनुभयो जब भिक्षुहरू पुरानो धर्मशालामा बस्नु भएको थियो, त्यसबेला केही समय भक्तकृष्ण (हाल भिक्षु सुमंगल) बस्नु भएको थियो भने भिक्षु सुदर्शन स्थविर पनि केही समय बस्नु भएको थियो ।

सन् १९७३ मा यस लेखका लेखक लुम्बिनीमा सेवाको लागि कमिटीको आग्रहद्वारा स्थानीय भिक्षुको रूपमा बस्न गएको बेला भिक्षु अनिरूद्ध महास्थविरज्यू लुम्बिनी विहारमा हुनुहुन्थ्यो र भिक्षु विमलानन्द लु.ध.क.को सदस्यको रूपमा बुद्ध विहारमा बस्नु भएपछि कमिटीका क्रियाकलापहरू ब्यवस्थित हुँदै आयश्रोत पनि बढ्दै गएको महसूस भयो ।

भिक्षु अनिरूद्धसँग सम्पर्क भएका एक जापानी हाजु अजुमा भन्ने महाजनले धर्मशाला निर्माणका लागि आर्थिक सहयोग दिए अनुसार बुद्ध विहारको क्याम्प भित्रै एक धर्मशाला निर्माण भएको थियो भने उत्थान्तको तर्फबाट पाएको आर्थिक सहयोगबाट एक गेष्ट हाउस निर्माण गरियो । यी कार्यहरू भिक्षु अनिरूद्धकै नेतृत्वमा सम्पन्न भएको थियो । जे होस्, यसरी लुम्बिनी धर्मोदय कमिटीको तर्फबाट प्रतिनिधित्व भई बस्नु भएका ब्यक्तिहरूले विहारको लागि अर्पण गरिएको चन्दा बारे कमिटीका मुख्य पदाधिकारीहरूलाई पनि जानकारी दिई चन्दा दातालाई नियमानुसारको चन्दा रसीद दिनुपर्ने हो । तर यसो भएको देखिएन । त्यसैले यसरी भवन निर्माण गराई देखाए अनुसार त्यस कार्य ब्यक्ति बाचक नभई सामुहिक गुठीवाचक गर्न सकेको खण्डमा बीचमा कुनै बादबिबाद हुने थिएन भन्ने यस लेखकको सुझाव थियो । सेवाको भावनाले आफू बसेको ठाउँमा केही न केही निर्माण कार्य गरेर जानु सबैको कर्तब्य हो । तर गुठी वा



Downloaded from http://www.dhamma.digital

संस्था भित्र बसी आफ्नो तर्फबाट मात्र कार्यहरू सम्पन्न भएको हो भन्ने ठानी अधिकार जमाउन खोज्यो भने त्यहाँ मतभेद उत्पन्न हुनु स्वाभाविक नै हो ।

जे जति भिक्षुहरू बुद्ध विहार लुम्बिनीमा बसेर जानु भएका छन्, वा बसिरहनु भएका छन्, उहाँहरूले आ-आफ्ना तर्फबाट आफूले सके जति सेवा गर्नु भएकै छन् । मैले मात्र गरेको र मेरा बुबाले मात्र गरेको भन्दै व्यक्तिवाचक कुरा ल्याइयो भने त्यस्तो सेवालाई निस्वार्थी सेवा होइन स्वार्थीपूर्वक अधिकार जमाउन खोज्ने सेवा जस्तो हुन जान्छ ।

लुम्बिनी धर्मोदय कमिटीबाट संचालित कमिटीका कार्यकर्ता सदस्यहरू काठमाडौं निवासी भएको हुनाले उहाँहरू बर्षको एकपटक मात्र लुम्बिनी आउन पनि समस्या पर्ने हुँदा बुद्ध विहारका भिक्षुहरूको संरक्षण कार्यको लागि लुम्बिनी, भैरहवा, बुटवल र पाल्पाका केही महानुभावहरूलाई सम्बन्ध बढाई एक उप-कमिटी स्थापना गरियो । विहारको लागि आवश्यक खर्च र आवश्यक कार्यहरूबारे लुम्बिनी धर्म उप-कमिटीले महाकमिटीलाई पेश गरी पठाउने गर्दछ ।

लुम्बिनी धर्मोदय कमिटीका विधान बमोजिम मन्दिरको नाममा पाउने चन्दा, बुद्ध मन्दिरमा चढाइएका दक्षिणा, पात्रमा खसाइएका दक्षिणा र मायादेवी मन्दिरमा चढाइएका दक्षिणा आदि लुम्बिनी धर्मोदय कमिटीको बैंक खातामा जान्छ । दान पात्र खोल्ने बेला कमिटीका दुई/चार जवान सदस्यहरू समक्ष खोल्ने गर्छ । दुईवटै मन्दिरका दानपात्रका ताल्चामा एक जोडा उप-कमिटीका सचिव र मन्दिरमा बस्ने भिक्षुले राख्ने गर्छ । कमिटीका तर्फबाट एक व्यवस्थापक राखिएको छ जसले विहारलाई प्राप्त हुने चन्दा र दक्षिणा पात्रबाट प्राप्त हुने दक्षिणा, धर्मशालामा बस्न आउने यात्रीहरूले दिएर गएका चन्दाहरू संकलन गरी विहारको लागि आवश्यक सरसामानहरूको व्यवस्था र चाँजोपाँजो मिलाई विहार र धर्मशालाको रेखदेख कार्यहरू गर्दछ । विहार, गेष्ट हाउस, धर्मशाला आदि कोठाका ताल्चा बिछ्याउना आदिका जिम्मा पनि व्यवस्थापककै हातमा कमिटीले सुम्पिराखेको हुन्छ ।

मन्दिरको रेखदेख, पूजा पाठ र यात्रुहरूलाई लुम्बिनीबारे जानकारी र धर्मदेशना गर्ने, यात्रुहरूलाई आवश्यक व्यवस्था मिलाउनु वा सेवकहरूलाई भनी मिलाइदिनु भिक्षुहरूको कार्य हुन् । यति मात्र होइन मन्दिर का लागि भनी चन्दा दिएमा सोको रसीद काटीदिने, मन्दिरको लागि दान दिइएका भाँडाकुँडा, ओढ्ने, ओछ्याउने बस्तुहरू विहारको भण्डारमा राखिदिने, विहारका जिन्सी सामानहरूको सुरक्षा गर्ने आदि कार्यहरू पनि विहार निवासी भिक्षुहरूले गर्ने गर्छन् ।

सुघर सफाई आदिको लागि र भान्छाका लागि दुई जवान सेवकहरू कमिटीका तर्फबाट नियुक्त गरिएका छन् । ■

## लुम्बिनीमा भएको हत्याको विरोधमा शान्ति पदयात्रा तथा शोक सभा

२०५४ साउन १२ गते

पाल्पाका सम्पूर्ण बौद्ध संघ संस्थाहरूका आयोजनामा गत श्रावण १९ गते राती १०:४५ बजे लुम्बिनीमा हत्या गरिएका जापानी भिक्षु युनाताका नावातामेज्यूको हत्यारा पत्ता लगाई तुरून्त कडा कार्वाहीको माग राख्दै दिवंगत भिक्षुको तस्वीर र प्लेकार्डहरू सहित थुप्रै जनसमूहले पाल्पा बजारमा शान्ति पदयात्रा गरी टुँडीखेलमा पुगेर शोक सभा गरिएको समाचार छ । धर्मोदय सभा पाल्पा शाखाका अध्यक्ष चिनियालाल बज्राचार्यको सभापतित्वमा भएको उक्त शोक सभालाई संघ नायक भिक्षु शाक्यानन्द महास्थविरज्यू छत्रराज शाक्य, पूर्णमाया महर्जन, शोभा शाक्य, सुमना शाक्य, कृष्ण प्रसाद शाक्य, देवेन्द्रमान शाक्य, दिलबहादुर शाक्य, केशवलाल बज्राचार्य, सम्पूर्ण विद्यालयको तर्फबाट मोहन कन्या मा. वि. को देवप्रसाद शाक्यज्यू र बौद्ध युवा संघ महाबोधी विहारका अध्यक्ष रविमान बज्राचार्य आदि वक्ताहरूले भिक्षु नावातामेज्यूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । शान्ति पदयात्रामा विभिन्न विद्यालयका विद्यार्थीहरू तथा धर्ममा आस्था राख्ने भक्तजन महानुभावको सहभागिता रहेको थियो । धर्मोदय सभा पाल्पाका सचिव चकोर मान शाक्यज्यूबाट संचालित उक्त कार्यक्रमको प्रचार प्रसार बौद्ध युवा संघबाट भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# मानिस मात्र बुद्ध हुनसक्छ

✍ भिक्षु अश्वघोष

गौतम बुद्धलाई भगवान भनी मानेता पनि आखिर उहाँ मानिस नै हुनुहुन्छ । मानिसले उन्नति गरेर देवता बन्छ रे । यो प्राचिन मान्यता थियो । तर गौतम बुद्धले यस परम्परालाई उल्टो पार्नुभएको छ । किनभने उहाँले मनुष्यत्वलाई प्रधानता दिनुभएको छ । उहाँको भनाई अनुसार, मानिस मात्र बुद्ध हुनसक्छ । दु:खबाट मुक्त हुनको लागि मानिस भएरै जन्मनु पर्दछ, देवता भएर होइन । बुद्धको विचार अनुसार, देवताहरूमा राग, द्वेष, इर्ष्या र विलासितामा भुल्ने जस्ता थुप्रै क्लेशहरू बाँकी रहेका हुन्छन् । देवलोकमा दु:खबाट मुक्त हुने साधना छैन । तर मनुष्यहरूको माझबाट बुद्धको जन्म हुन्छ । त्यही बुद्धलाई देवताहरूले नमस्कार गर्छन् । त्यसैले मनुष्य धर्म देवताहरूको धर्मभन्दा धेरै पवित्र, उच्चस्तरको र माथिल्लो तहको देखिन्छ । किनभने त्यागी र विरागी भावना भोगी भन्दा महत्वपूर्ण र महान छ । यसरी मानवताको उपदेशक बुद्ध स्वयं मानवताको मूर्ति हुनुहुन्छ । बुद्ध, बुद्ध हुनुभन्दा पहिले सिद्धार्थ नामक राजकुमार हुनुहुन्थ्यो । सिद्धार्थ राजकुमार भर्खर ५, ६ वर्षको बालककालमा धाईहरूका बच्चाहरूसंग खेलिरहनु भएको थियो । सिद्धार्थसंग थुप्रै राम्रा राम्रा हात्ती, घोडा खेलौनाहरू थिए । यो देखि धाईका बच्चाहरूले सिद्धार्थको घोडा, खेलौना माग्न थाले । सिद्धार्थले खुसीसाथ खेलौना दिनुहुन्थ्यो । धाईहरूले खेलौना लिन हिचकिचाउँदै भन्थे– "राजकुमार आफ्नो दर्जामा बस्नुस् आफ्नो खेलौना यी बच्चाहरूलाई दिने नगर्नुस् । यसो गर्दा यिनीहरू मात्तिन्छन् र तपाईको टाउकोमा टेक्नेछन् ।"

यो कुरा सुनी सिद्धार्थले अचम्म मान्दै भन्नुभयो– "मलाई अरू कुरा थाहा छैन । यिनीहरू मेरा साथी हुन् । के मलाई मेरा साथीहरूलाई आफ्नो खेलौना दिने अधिकार पनि छैन ?" यो दृश्य देखेर धाईहरूले भन्न थाले– "सिद्धार्थ त साँच्चिकै देवता नै हुनुहुन्छ ।"

एक दिनको कुरो हो, बुद्धले आफू महापरिनिर्वाण हुनु भन्दा केही समय अगाडि भिक्षुहरूलाई जम्मा पारी भन्नुभयो– "हे भिक्षुहरू हो ! तिमीहरूमा बुद्ध, धर्म र संघप्रति कुनै शंका उपशंकाहरू बाँकी रहेको छ भने अहिले नै सोध्नु, अन्यथा पछि पश्चाताप गर्नु पर्ने हुन्छ ।" यो कुरा सुनेर पनि कसैले केही प्रश्न सोध्न सकेनन् बुद्धसंग । सबैजना मौन भई बसे । गौतम बुद्धले आफ्ना शिष्यहरूले डराएर वा लाजको कारणले आफूसंग प्रश्न गर्न सकेनन् भन्ने कुरो बुझ्नुभयो र फेरि भन्नुभयो– "संकोच नमानीकन, नडराईकन मलाई आफ्नो साथी सम्झी प्रश्न गर्नु ।" यसरी बुद्ध स्वयं आफू शिष्य समान बन्नुभयो र भन्नुभयो– "तिमीहरूले मलाई आफ्नो कल्याण मित्र सम्झनु ।"

यसभन्दा पनि धेरै वर्ष अगाडि बुद्धले भन्नुभएको थियो– "हे भिक्षुहरू ! मेरो बोली, काम र कुराको व्यवहारले तिमीहरूलाई केही अफठ्यारो पारेको छ भने र मेरो केही कमजोरी देखेका छौ भने मलाई भन्नु, मैले आफ्नो बानी र व्यवहारमा सुधार गर्नेछु ।" उपयुक्त कथनबाट स्पष्ट हुन्छ, बुद्धको मानवता कति उच्चस्तरको रहेछ भन्ने ।

परिनिर्वाण हुनु पहिले बुद्धले आनन्द भिक्षुलाई यसरी उपदेश दिनुभएको थियो– "हे आनन्द ! मेरो मृत्युपछि तिमीले अब मेरो गुरु हुनुहुन्न के गरुँ भन्दै शोक नगर्नु । मैले जुन शिक्षा र धर्मको उपदेश दिएको छु, त्यही तिमीहरूको गुरु हुन् । "**अत्तदीपो भव, अत्त सरणो अनञ्जसरणो**" – अर्थात आफ्नो भरोसा आफैं हो, अरूको भरोसामा नबस । आफ्नै खुट्टाले टेक्ने प्रयास गर ।"

एक दिन भिक्षु आनन्दले गौतम बुद्धसंग यसरी प्रश्न गरे– "भन्ते ! तपाईको परिनिर्वाणपछि (मृत्युपछि) तपाईको शरीरलाई कसरी पूजा गर्ने ?"

बुद्धले भन्नुभयो– "**अव्यावटा तुम्हे होथ तथागतस्स शरीर पूजाय**" अर्थात् हे आनन्द ! तिमीहरूले बुद्ध पूजा गर्नेतिर मात्र नलाग, यतातिर वास्ता नगर । न खो आनन्द ! "**एत्तावता तथागतो सक्कतो होति, गरुकतो वा मानितो वा पूजितो होति ।**" यो खो आनन्द



Downloaded from http://www.dhamma.digital

**भिक्खु वा भिक्खुणी वा उपासको वा उपासिका वा धम्मानुधम्म पटिपन्नो विहरति सो तथागतो सक्कतो होति पूजितो होति** (महापरिनिर्वाण सूत्र) अर्थात् हे आनन्द ! मूर्ति पूजाले मात्र तथागतलाई पूजा गरेको हुँदैन । मलाई मूर्ति पूजा मन पर्दैन । यदि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले मैले दिएको शिक्षा अनुसार धार्मिक आचरण गरी व्यवहारिक बन्न सकेको खण्डमा उनीहरूले बुद्धको सही रूपमा पूजा सत्कार गरेको हुनेछ । **"यो धम्मं पस्सति सो मं पस्सति"** जसले धर्मलाई देख्छ, उसले बुद्धलाई देखेको हुन्छ ।"

उपर्युक्त कुराहरूले के बुझाउँछ भने, बुद्धलाई देवताको स्तरमा राख्नु ठीक छैन । यो बुद्धलाई मन पर्दैन । तर आजभोलि ठीक यसको विपरीत व्यवहार भइरहेको देखिन्छ । हजारौं बुद्धको मूर्तिहरू निर्माण गरी पूजा र भक्ति भावमा संलग्न हुने कार्यमा मात्र बौद्धहरू लागि रहेका देखिन्छन् । तर धर्माचरण कार्यबाट भने टाढिदै छन् । अर्थात् धेरै जसोले बुद्धको सही शिक्षालाई बिर्सिदिएको देखिन्छ ।

गौतम बुद्धले आफ्नो व्यक्तित्वलाई धर्ममा राख्नुभयो । तर फेरि उहाँले जोड दिएर भन्नुभयो– "धर्ममा आशक्त पनि हुनुहुँदैन ।" **"कुल्लुपमं वो भिक्खवे धम्मं देसिस्सामि नित्थरणत्थाय नो गहणत्थाय"** अर्थात् हे भिक्षुहरू ! म तिमीहरूलाई डुँगाको उपमा दिई धर्मको उपदेश दिनेछु । डुँगा जस्तै धर्म भनेको नै पार तर्नको लागि प्रयोग गर्नु पर्ने साधन हो । जहाँ गए पनि बोकेर हिंड्नको लागि होइन । (मज्झिम निकाय) ।

यसलाई अझस्पष्ट गर्न चाहन्छु । डुँगा भनेको खोला र नदी आदि तर्ने काममा प्रयोग गरिन्छ । डुँगाको महत्व बुझ्ने मानिसले डुँगा काम लाग्छ भन्दैमा यसलाई काँधमा बोकेर हिंड्दैन । त्यस्तै बुद्धले दिनुभएको उपदेश र धर्म काम लाग्ने साधनको रूपमा सधै च्यापेर बोकी हिंड्नको लागि होइन । धर्ममा यसरी आशक्ति मात्र बढाउने कार्यले धर्मकै नाममा अम्मल लागी धर्मको नाममा साम्प्रदायिक भावना बढाउने छ । त्यसैले धर्म निरपेक्षता चाहिन्छ । धर्म चाहिँदैन भनेको कदापि होइन । बुद्ध एक दूरदर्शी व्यक्ति हुनुभएको नाताले उहाँले आफ्नो उत्तराधिकारी नियुक्त गर्नु भएन । यसको मुख्य कारण धर्मको नाममा भविष्यमा साम्प्रदायिक भावना नआवस् भनेर होला ।

बुद्धले भन्नुभएकोछ– "हे भिक्षुहरू ! मैले आफूलाई भिक्षु संघको संचालक ठान्दिन । तिमीहरूले पनि आफूलाई बुद्धको अधिनमा छु भनी नठान ।"

उहाँले फेरि भन्नुभयो– " आनन्द ! यदि भिक्षु संघले चाहन्छ भने म मरेपछि मेरो उपस्थितीमा बनाएका स-साना नियमहरूलाई त्यागि दिएपनि केही आपत्ति छैन । यो बुद्धको मानवताको ज्वलन्त उदाहरण हो । किनभने बुद्धको विचार अनुसार नियम (कानून) मानिसको लागि हुन् । मानिस आफै नियम र कानूनको लागि होइन । एउटै नियम सधैंको लागि लागू गर्न असम्भव पनि हुनसक्छ ।

बुद्धको अन्तिम वचन यस प्रकारको थियो– "हे भिक्षुहरू ! संसारमा जति पनि वस्तुहरू छन्, ती सबै नाशवान र अनित्य छन् । त्यसैले तिमीहरू बाँचुञ्जेल सतर्क, सावधान, सजग र सचेत भइरहने प्रयत्न गर ।" **अप्पमादेन सम्पादेथ ।** ■

# एक पटक यता हेर्नुस्

**✍ नानीभाई मिखाद्बंमि (स्थापित)**

गण महाविहारका १२० जवान उपासकोपासिकाहरूको मिलिमतोमा समय समयमा थेरवादी विहारमा गई बुद्धपूजा आदि पुण्य कार्य गर्नका लागि प्रति व्यक्ति रु. १०३/– उठाई बैंकमा खाता खोलिएको कुरा बिदितै छ । कूल साँवाबाट प्राप्त भएको ब्याजले सो पुण्य कार्य संचालन गर्दै आएको ४, ५ वर्ष बितिसक्यो ।

यही २०५४ श्रावण १ भित्र साँवा ब्याज गरी सम्पूर्ण रकम रु. ५४६८९/४३ जम्मा भएको देखियो । गण महाविहारको लागि २०५४ श्रावण १ गते इन्टरनेशनल रेडियो सेन्टरको बिल नं. ७५० अनुसार रु. ११,०००/– पर्ने Amplifier (आम्प्लीफायर) १ थान, रु. २,०००/– पर्ने कर्डलेस माइक १ थान र रु. १,२००/– पर्ने युनिट १ थान गरी जम्मा रु. १४,२००/– रकम चेकद्वारा भुक्तानी गरी आम्प्लीफायर १ थान गण महाविहारमा पुज्य भिक्षुहरूलाई प्रदान गरिएको छ । बाँकी रहेको रकम रु. ४०,४८९/४३ ने.बैं. को भेडासिं शाखामा जम्मा गरिएको जानकारी गर्दछ । ■



Downloaded from http://www.dhamma.digital

# बधाई के.आर. नारायणन् ! धन्यवाद भारत !!

✍ मोदनाथ प्रश्रित

भारतको राष्ट्रपति पदमा के.आर.नारायणन्को विजय यस उपमहाद्वीपको सांस्कृतिक इतिहासमा एउटा युगान्तकारी घटना हो। ५० वर्षअघि भारत स्वतन्त्र भएपछि त्यहाँ डा. राजेन्द्रप्रसाद देखि अहिलेसम्म अनेकौं राष्ट्रपतिहरू निर्वाचित भए तीमध्ये जाकिर हुसेनको विजय सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण घटना थियो तर के.आर. नारायणन्को विजयचाहिं ठूलो ऐतिहासिक घटना नै हो। यस घटनाले तीन हजार वर्षदेखि वर्ण व्यवस्था (जातपात) र २६०० वर्षदेखि छुवाछुत प्रथाको चरम अपमान र मानवीय पीडा भोग्दै आएका यस उपमहाद्वीपका करोडौं जनताले आफ्ना केही बन्धनहरू टुटेको र आफ्नो सम्मान र मर्यादा उठेको अनुभव गरेका छन् ।

जातपात र छूवाछूत प्रथाको जन्म भारतमा नै भएको हो । हुन त संसारका अरू मुलुकमा पनि जातीय भेदभावहरू, छालाको रंगको आधारमा पक्षपातहरू, पेशाको आधारमा ठूलो सानोको सामान्य धारणा आदि देखापरेका हुन् । यूरोप अमेरिकाका थुप्रै मानिसले अहिले पनि आफूलाई ब्राह्मण जस्तै, एशियाली मुलुकका मान्छेहरूलाई क्षेत्री र वैश्य जस्तै र काला अफ्रिकीहरूलाई शूद्र र झण्डै अछूत जस्तै ठान्ने संस्कार पालिरहेका छन् । तर भारतमा जस्तो जन्म, कुल र पेशाको आधारमा यति ठूलो जातीय भेदभाव र कट्टर अछूत प्रथा अन्यत्र कतै पनि देखापरेन ।

नेपाल, बंगलादेश, श्रीलंका, मालदीप्स, पाकिस्तान आदिमा अहिलेसम्म पनि जातपात र छूवाछूतको जुन भेदभाव र कुप्रथा छ, त्यो भारतबाटै फैलिएको सांस्कृतिक महारोग हो ।

इतिहासलाई थाहा छ, प्राचीन भारतमा यस महारोगलाई धर्म, कर्म, ऐन, कानून, स्मृति, पुराण आदिको माध्यमबाट यसरी समाजमा लादियो र यसको संस्कारलाई मानिसको नसा नसामा, रगतका थोपा थोपामा र समग्र संस्कृतिमा घुसाउने यस्तो अभियान चलाइयो, जसले गर्दा विगत अढाई तीन हजार वर्षमा करोडौं र अरबौं मानिसले अछूत भनिएर, सामाजिक बहिष्कारमा परेर घोर नारकीय जीवन बिताउनु पऱ्यो । अहिले पनि भारतमा तीसदेखि पैंतीस करोड जति छूवाछूत प्रथाको मारमा परेका दलित मानिसहरू छन् । नेपालमा सही तथ्यांक लिएमा दलितहरूको संख्या चालिस लाख पुग्नसक्छ । विगत जनसंख्याको अंकअनुसार पनि झण्डै चौबीस लाख मान्छे अछूत प्रथाको मारमा परेका छन् । संख्या यसप्रकार छ–

(१) सार्की- २,६२,४७० (२) कामी- ८,६४,७७० (३) दमाई- ३,६०,७०० (४) बादी- ४,८०० (५) गाइने- २,९०० (६) चमार- १,८१,९६० (७) मुसहर- १,३५,१७० (८) धोवी- ७३,१२० (९) तेली- २,४३,७३० (१०) सुडी- १,६९,१२० (११) दुसाध- ८६,३६० गरि जम्मा- २३,८५,१०० ।

यसरी अछूत प्रथाको मारमा पर्नेहरूको विशाल संख्या एकातिर छ भने अर्कातिर ब्राह्मणदेखि बाहेक क्षेत्री, वैश्य र शूद्र (पानी चल्ने भनिएका) हरूले र वर्णव्यवस्थाभित्र स्पष्टरूपले समावेश नगरिएका जनजाति समुदायका असंख्य मानिसहरूले पनि जातीय भेदभावको अपमान सहनुपरेको छ । उपमहाद्वीपमा हुन त पहिले वैश्य र शूद्र समुदायबाट पनि यदा कदा कुनै प्रान्तमा वा साना राज्यमा राजा वा राजकूल भएको उल्लेख पनि पाइन्छन् तर आमरूपमा राजा र राजकूल क्षत्रीयहरूबाटै बन्ने गरेका छन् । समाजमा राजकूल चलाउने क्षेत्रीयहरू पनि ब्राह्मणभन्दा साना जात मानिने र क्षेत्रीले पकाएको दालभात बाहुनहरूले नखाने अपमानको चलन आमरूपमा रहेको छ । यसरी हेर्दा समाजका ९०% मानिसले वर्णव्यवस्था (जातपात प्रथा) को भेदभाव र अपमान सहनुपरेको छ ।

अझ प्राचीन इतिहासका घटना, मनुस्मृतिजस्ता पुराना धार्मिक कानून र भारतका विभिन्न प्रान्तमा अहिलेसम्म पनि समय-समयमा देखापर्ने दलित दमनका जुन घटनाहरू छन् तिनले वर्ण व्यवस्थाको वीभत्स र क्रूर अमानवीय तस्वीर प्रष्ट रूपले देखाउँछन् । मनुस्मृति पढ्नेहरूलाई थाहै भएको कुरा हो, प्राचीन भारतमा ब्राह्मणलाई आँखा तर्ने शूद्रका आँखा झीर रोपेर फोरिन्थ्यो । ब्राह्मणसित कड्केर बोल्नेहरूको जिब्रो काटिन्थ्यो र ब्राह्मणलाई अरूले गाली गर्दा चुपचाप सुन्नेहरूका कानमा राङ् पगालेर हालिन्थ्यो ।

शुद्र र अछूतहरूले आफ्नो सम्मान, मर्यादा र सामाजिक अधिकारको निम्ति माग वा प्रयत्न गर्दा



Downloaded from http://www.dhamma.digital

तिनको निर्मम दमन हुन्थ्यो । मरेपछिको "मुक्ति" का निम्ति हैन ज्यूँदै यसै लोकमा सामाजिक मुक्तिको निम्ति शूद्र शंबूकले तपस्या (मुक्ति प्रयत्न) गर्दा त्यसलाई वराज्य विप्लवजस्तै ठूलो अपराध ठानी आदर्श र मर्यादा पुरुषोत्तम भनिने रामले उनको हत्या गरे । भारतमा अहिले पनि शूद्र र "अछूत" हरू आफ्नो आँगनको बाटो जुत्ता लगाएर हिंड्दा वा "उच्च वर्ण" का ब्राह्मण, ठाकुरहरूसंग प्रजातान्त्रिक मर्यादा अनुसार बोल्न खोज्दा निर्मम ढंगले मारिएका र ज्यूँदै पोलिएका जस्ता घटनाहरू घटेका हामी सुन्दैछौं ।

हुन त भारत र नेपालमा जहिलेदेखि जातपात र छुवाछूत प्रथा शुरू भयो त्यसै बेलादेखि त्यसकाविरूद्ध सामाजिक र मानवीय समानताका प्रखर विचार र आन्दोलनहरू उठ्दै आएका पनि छन् । ई.पू. पाँचौं छैठौं शदीतिर वर्तमान महावीर र गौतम बुद्ध आदिले चलाएको वैचारिक र सामाजिक आन्दोलन, शैव र वेष्णव आन्दोलन, जोसमती सन्त सम्प्रदाय र आर्य समाजजस्ता आन्दोलन, सम्राट अकवरका सुधार प्रयास, कवीर ज्ञानदिल दासजस्ता कविहरूको प्रयास, गान्धीको आन्दोलन र कम्युनिष्टहरूको आन्दोलन आदि। यस्ता निरन्तरका प्रयत्न हुँदा हुँदै पनि जातपात र वर्ण व्यवस्थाले समाजमा गहिरा जरा गाडेको गाड्चै छ । विगत ५० वर्षयता भारत-नेपाललगायत उपमहाद्वीपका अरू देशले पनि संविधान र ऐन कानूनद्वारा जातीय भेदभाव र छूवाछूत प्रथा समाप्त गर्ने प्रयत्न गरेका छन् तर पनि वयो महारोग समाजमा ज्यूँदै छ ।

यस वर्ण व्यवस्थाले उपमहाद्वीपको मानसिक स्थितिलाई कतिसम्म साँगुरो बनाइदियो भने वर्ण व्यवस्थादेखि बाहिरका तमाम जाति, जनजातिहरू, विदेशीहरू र वैदिक वा हिन्दू धर्म बाहेक अरू धर्म मान्नेहरू (खासगरी इसाई र इस्लाम) लाई समेत शूद्र अछूत, म्लेच्छा ठानेर भेदभाव गर्ने परम्परा चल्यो । भारत र नेपालका अधिकांश आदिवासी र जनजातिहरू वर्ण व्यवस्था मान्दैनन् तर उनीहरूलाई वैश्य, शूद्र आदि कुनै किटानै नगरी "साना जात" भन्ने परम्परा चलाइएको छ । इसाई र इस्लामधर्मीहरूले छोएको पानी पनि नखाने संस्कार समाजमा फैलाइएको थियो । समुद्रपारका सबै विदेशीलाई "म्लेच्छ" (अछूत सरह) मान्ने, उनीहरूले छोएको नखाने र समुद्रपार भ्रमण गरेर आएपछि पतिया (प्रायश्चित) गर्ने परम्परा रहेको सबैलाई थाहा छ ।

यस्तो इतिहास, परम्परा र संस्कृतिको बीचमा प्रजातन्त्र प्राप्तिपछिको भारतमा क्रमशः जुन मानवीय समानता, सहिष्णुता र भाइचाराको भावना विकसित हुँदै आएको छ, त्यो ज्यादै राम्रो कुरा हो । हिन्दूस्तान र पाकिस्थानको त्यत्रो विवाद भएको मुलुकले त्यसै विवादले गर्दा गान्धीको हत्या बेहोरेको भारतले डा. जाकिर हुसेनलाई राष्ट्रपति बनाउँदा धर्म निरपेक्षता (धार्मिक समानताको भाव) र धार्मिक सहिष्णुताको राम्रो उदाहरण प्रस्तुत गरेको हो । भारतले प्रजातान्त्रिक आन्दोलनका नेता जगजीवन राम (चमार जातका) लाई मन्त्री र कार्यवाहक प्रधानमन्त्रीसम्म पनि बनाइसकेको हो ।

तर पनि भारतमा जातपात र छूवाछूतको भावना र संस्कारका जरा उखेलिसकिएका छैनन् । त्यहाँ अछूत प्रथाविरूद्ध आन्दोलन गरेर दलित समुदायमा अत्यन्त सम्मानित स्थान हासिल गरेका डा. अम्वेडकर (जो वर्तमान भारतीय संविधानका मस्यौदाकार पनि हुन्) उनको मूर्तिलाई हालै फोर्ने र अपमान गर्ने घटना भर्खरै घटेको छ । ठीक यस्तो बेला भारतीय जनताले पहिले उपराष्ट्रपतिको सम्मान दिइसकेका कोचेरिलरमण नारायणन्लाई पहिलोपटक भारतको राष्ट्रपति जस्तो शीर्षस्थ स्थानमा विजयी बनाएर भारतमा मानवीय समानता, प्रजातान्त्रिक भावना र अछूत प्रथा विरोधी संस्कार निरन्तर बढिरहेको परिचय दिएका छन् । अहिलेको युगमा भारतको राष्ट्रपति भनेको मध्यकालको चक्रवर्ती सम्राटभन्दा पनि व्यापक र सम्मानित उच्च दर्जा हो । सम्राटहरू तर्बारको बलले स्थापित हुन्थे तर के.आर. नारायणन् जनमतबाट एक अरब जनताका राष्ट्रपति बनेका छन् । यसरी भारतमा एउटा पुरानो भेदभावयुक्त सांस्कृतिक युगको समाप्ति भई नयाँ मानवीय युगको शुरूवात भएको छ । त्यसैले यस निर्वाचनलाई युगान्तकारी घटना भन्न सकिन्छ । यसले भारतका तमाम उत्पीडित दलितहरूका साथै हामी नेपाली उत्पीडित, दलित र तमाम न्यायप्रेमी मानवतावादी जनतालाई ज्यादै खुशी लागेको छ । यस सन्दर्भमा ती विवेकी भारतीय मतदाताहरूको माध्यमबाट सिंगै भारतलाई हार्दिक धन्यावद ! विजयी राष्ट्रपति के.आर. नारायणन्लाई धेरै धेरै बधाई !!

■

**साभार दृष्टि साप्ताहिक**



Downloaded from http://www.dhamma.digital

# बौद्ध दातापिनिगु श्रद्धा व त्याग पियाच्वंगु छगू न्हूगु लँपु

✍ शाक्य सुरेन

२५४१ गू बुद्ध पूर्णिमाया लसताय् बौद्ध जगते झीं बौद्धतयूसं, त्यागचित्त दुपिसं त्याग जक यानां मगात, व त्याग लोक कल्याणकारी, जनताया हित अनुकूल, दुःखीपिनिगु पीर मर्का न्हनावनीगु थासे छ्यलेमाल धैगु प्रसंगय् छुं खँ न्हचथनेगु मती तया ।

भौतिकवादीपिसं विज्ञानया गुहालि कया थ्व संसार भौतिक रूपं यक्व हे सम्पन्नशाली याना बिल । तर गुलि गुलि विकास जुल उलि उलि हे लिच्वः स्वरूप संसारे धनी अपो धनी जुया वनाच्वन, गरीब अपो गरीब जुया वनाच्वन । संसारे गरीबया संख्या नं झन झन बृद्धि जुया वनाच्वन । थौकन्हेया उन्नतिं झीत भोगविलासिताय् भुले यायगु स्वतसा नापं फोहर व ज्या मदुपिं अपराध संख्याय् बृद्धि, छें मदुपिं अपो जुल । प्रथम विश्व (अमेरिका/युरोप) या मनूत धनी जुया नं इपिं दुःखी जुल ।

दँ बदँजक न्ह्योया खँ । बौद्ध जगते नां दँम्ह विदेशी भिक्षु ञाणतिलोकं Words of Buddha (बुद्ध बचन) धैगु तःसकं अमूल्यगु बौद्ध ग्रन्थ नं रचना याना बिज्याःगु खः, वसपोलया विदेशी चेला नापं (नां लोमन) थन यले विश्व शान्ति पुस्तकालय् धर्मशाकच्छा यायेगु अवसर चूलात । जिं वेकःयाके छगू न्ह्यसः न्यना - छि छु खँय् प्रेरित जुया बौद्ध जुयागु ? वेकःया लिसः खः-जिमिथाय् देशे पिनें स्वये तःसकं सुखी । भौतिक प्रतिस्पर्धाया कारणं याना जिमिके यक्व दुःख दु । जिपिं तःसकं ब्यक्तिवादी जुयावन । बलात्कार, हत्या, लूट, सम्बन्ध बिच्छेदया संख्या जिमिथाय् हे अप्पो । जिमिके परस्पर माया, दया, करूणा, अथवा थःथिति दाजुकिजा धैगु माया क्वातु मजू । दुःखं मुक्त जुइगु लँपु भगवान बद्धयाके दु, अले जिमिके दुःख यक्व दु । बुद्धया विपस्सना भावनां थ्व दुःख न्हंकेत गुहाली जू धैगु न्यना ध्यान सयेका । बांलाः ताल । बुलुहुँ बुद्ध दर्शनया ज्ञान नं दयावल । अले जिपिं थ्व धर्मं प्रभावित जुया बौद्ध जुया वनागु खः ।

प्रथम विश्वया मनूत सम्पन्न नं खः शिक्षित अथवा सःस्यूपिं नं खः । अथे नं भौतिक रूपं धनी जूसां मनया गरीब साबित जुल । इमिगु मन शान्त मजुल । मानसिक रूपं इमिसं शान्ति काये मफुत । बुद्धधर्म अनुसारं ला विकासं लोभ घटे याकेगु, हिंसा मजुइकेगु, मानसिक विकास आदि गुणया बृद्धि जुइमाःगु मखुला ? तर अथे मजुल । अथे जुया संसारे विकासं तःधंगु विनाश हैगु चिं तायेकाच्वंगु दु । विश्वे संकट बढे जुया वैच्वंगु खना अल्बर्ट आईन्स्टाईनं छकः थथे नं धाल- "यदि मनुष्यजाती म्वायेत खःसा झीसं पुरा हे न्हूकथं विचाः यायेमाःगु खने दु" थथे जूगुया मूल कारण पश्चिमी मुलुक भौतिकताय् अतिवादी जुया न्ह्यां वन । गुलि धनी जुइफत उलि ज्यू । गुलि तःधं जुल उलि ज्यू । गुलि अपो विद्वान जुल उलि ज्यू । अले इमिसं औद्योगिक विकासया क्रमे भूमि, पूँजि व श्रम परिचालन याना थःत अप्पोलं अपो फाइदा कायेगु सिद्धान्त ज्वन । लिपा जन्म जुइपिं सन्तानया मती मतसे आमदानीया लँपु जक छयलेगु स्वत ज्यामीतेगु मेहनतयात निर्दयीपूर्वक छ्यलेगु यात । अन मानवता, दया, करूणा धैगु मन्त । थुकिया लिच्वःस्वरूप इमित आध्यात्मिक शान्तिया आवश्यक जुयावल । बुद्धधर्मया आवश्यक जुयावल ।

भृकुटी तिब्बते बुद्धधर्म प्रचार याःवंथें अरनिकों नं चीने नेपाःया कलाकृति प्रचार याःवंथे बौद्ध देशया झी नेपाःमि बुद्धधर्मे सःस्यूपिं जुयालि अमेरिकाय् वना झीसं बुद्धधर्म प्रचार प्रसार याःवंगुलिं अन बुद्ध धर्म न्यनाः वंगु मखु, थुपिं सम्पन्न व विज्ञ जुया नं आध्यात्मिक रूपं गरीब जूगु जुया थःथःमं हे बुद्धधर्मयात मालां, सयेका काःगु खः, प्याय्चाःम्हं थःम्हं हे बुंगाचा माःवनी धाय्थें ।

मेकथं धाय्गु खःसा इमिथाय् क्रिस्टियन धर्म मदुगु मखु । तर क्रिस्टियन धर्म इमिगु घाःया वासः उलि सावित मजुल । क्रिष्टियनतयेके तःतःधंगु संगठन, यक्व धन, उपाय व ज्याभःत दु धाइ । तर प्रथम



Downloaded from http://www.dhamma.digital

विश्व श्रोत व साधनया कमिं दुःखी जूगु मखु, उकिं व श्रोत व साधन अन बिक्री मजुल । तर तेश्रो मुलुकया नेपाःथें जाःगु देश गन देश हे दकले गरीब, जनताया ला खँ हे तोति, अजाःगु थासे व संगठन, श्रोत व साधन ज्याख्यले वैगु स्वाभाविक हे जुल । गरीबी, पह चह बांमलाना वंगु, जनसंख्या बृद्धि, साहुक्यंगु तेश्रो मुलुकया समस्या खः । खुया मनेकं, मखुगु खँ मल्हाय्‌कं छपे छजूतकं चूलाइ मखुगु अवस्थाय् लानाच्वंपिंत अथवा निम्नतम् आधारभूत आवश्यकता तकं पूवनामच्वंपिं नेपाःया विकट थासय्या अछूत, गरीबी अथेहे तामांग मगःतय्थाय् क्रिस्टियनतयसं थःगु श्रोत, साधन व संगठनया परिचालन याः वन । नेपाःया जनतां पजातन्त्रया ल्यू धर्म निरपेक्षता उपलब्ध याना काये मफुत । अथेनं क्रिस्टियन व मेमेगु धर्मावलम्बीतय्‌गु निम्तिं प्रजातन्त्र वःगु हे खःथें च्वं । एकमात्र हिन्दू अधिराज्य धैगु खँग्वः बौद्धतयेत घकू (छिर्कि) तयेत जक खःला धैगु शंका यायेगुथाय् दयावल । उदाहरणया निम्तिं धादिङ जिल्लाया विकट गां गन क्रिस्टियनतय्सं यक्व हे बौद्ध तामांगतय्‌गु धर्म परिवर्तन याना बिल । छाय् धाःसा इमिगु दुःखी जीवने गरिबी दु, प्याय्‌चाः दु, समस्या दु अले दु-अज्ञानता अले वहे अज्ञानता व गरिबी बःकया इमिसं थःगु धर्म प्रचार यात । उकिं झीसं यदि नेपाःया बहुसंख्यक बौद्धतयेगु बिचाः यायेगु खःसा छथाय् छगू वर्गे जक बुद्ध धर्मया खँ ल्हानां मगात मेचीनिंसे महाकालीतकया बौद्धतय् बिचे झी गय् थ्यंकेगु धैगु बिचाः नं यायेमाल । उकिया निम्तिं झीसं क्रिस्टियन तय्‌त नकारात्मक दृष्टिं स्वयां जक समस्याया समाधान जुइमखु । गरिबी अज्ञानता, रोग आदिं पिडीत जुयाच्वंथाय् धर्मया मिखा चायेकेत जीविका शिक्षा व स्वास्थ्यया कार्यक्रभ नं ज्वना वनेमाल । क्रिस्टियनपाखें झीसं थ्व खँ सीका बौद्ध दातातय्सं थःगु त्याग लोककल्याणकारी व जनताया हितया निम्तिं प्रयोग जू अथवा मजू, मजूसा गथे याना लोककल्याणकारी जुइकेगु धैगु खँय् बिचाःयायेमागु खनेदु । युवक बौद्ध मण्डल, यलं धादिङ्या बौद्ध तयेत बुद्ध धर्मया तालीम संचालन याःबले प्रशिक्षार्थितलिसे जूगु बिचाः कालबिलपाखें नं थ्व यथार्थयात जिं अनुभूत याना । गामे सामुदायिक विकास व बुद्ध धर्म नापं वने फुसा जक सकारात्मक प्रभाव लाके फै धैगु खँ इमिसं क्यंगु जीवनया यथार्थ समस्या व, व समस्याया वासः क्यने मफेकं नैतिकस्तर थहाँ वने मफैगु यथार्थता क्यं । उकिं झीके धाःसा बुद्धधर्मथें जाःगु अमूल्य दर्शन दया नं ध्यबा गाक्कं मदुगु कारणं जीवन व्यवहारे छ्यले मफै च्वन । निगू अति–गरीबीया अति व धनीया अतिं ब्यागलंया लँपु-मध्यम मार्ग, ठीक जीविका अथवा सम्यक आजीविका बौद्ध आजीविका खः । उकिं दुपिसं मदुपिनिगु निम्तिं सेवा उपलब्ध याकाः धर्म यायेगु आवश्यकता नं थौंया आवश्यकता खः ला धैगु जिगु बिचाः ।

बुद्ध धर्मे दानया अतिकं महत्व दु । जिन्दगीभर जिगु, जितः जक धैच्वनापिसं कयाजक मखु बियाः नं आनन्द कायेगुया अभ्यासया निम्तिं नं दान खः । झीसं श्रमदान, बुद्धिदान, भूदान, ग्रामदान (भूया सामुदायिक प्रयोग), धन दान, बैद्य दान (वासः दान), धर्मदान, (थःके च्वंगु आत्मज्ञान मेपिंत बीगु), व जीवदान (थःगु सम्पूर्ण जीवन संसारया सेवाया निम्तिं पायेगु) याये सयेके माल । आ थत्थें नेपाःया यथार्थयात उला स्वत धाःसा बुद्ध धर्मे दान परंपरा दु- गथे कि त्वाः भ्वय् नकेत दान, विहार निर्माण यायेत दान, चैत्य स्थापना यायेत दान भगवान स्थापना यायेत दान, महापरित्राण अले दानया मात्र थःगु नां लुँया पाताय् च्वनीगु ला, सिजःया पाताय् च्वनीगु ला, शीलापत्रे च्वनीगु ला उकी भर परे जुइगु जुयाच्वन । साहु मणीहर्ष ज्योतिं थाय्थासय् छिगु ज्या सफल जुयेमा तर जिगु नां उल्लेख यायेम्वाः धया कर्पिन्त गुहाली याःगु ला दुर्लभगु उदाहरण जुयाच्वन थनयापिं दातापिनिगु बिचे । अथे हे थाय्थासे विहार जक दयां मगात, विहारे दुने मानव सेवाया कार्यक्रम नं न्ह्याय्‌माल । थौकन्हे हिदान बीगु चलन वल, मरणान्त मिखा दान बीगु चलन वल, थ्व अनुकरणीय खः । अथे हे हस्पिटले रोगीपिन्त बिस्कुट, फलफूल ईना बीगु, नये मखं पिन्त भोजन दान बीगु व विहार विहारे स्थास्थ्य क्लिनिक संचालन यायेगु नं चलन वैच्वंगु दु । छगू चिनीया उखान दु "नये मखंम्हेसित छम्ह न्या दान बिल धाःसा छसाः जक प्वाः जाई, तर न्या लायेगु स्यनाबिल



Downloaded from http://www.dhamma.digital

धा:सा जीवनभर गुजारा जुई । दानया महिमाय् झीसं ध्व उखानया मर्मयात नं लोमंके मज्यूथें च्वं ।

दानया शिलशिलाय् हालसालया हे छगु उदाहरण न्हय्ब्वे । जि काठमाडौं लिक्कया छगु बौद्ध बस्ती थ्यन । अन बांलागु बिहार दु, प्रार्थना हल दु भिक्षु-भिक्षुनिपिं च्वनेगुथाय् दु, भावना यायेगु थाय् दु नकेत्वंके यायेत बांलागु भुतू दु । तर विहारे न त भन्तेपिं दु, न त छुं बौद्ध कार्यक्रम हे दु । परियत्ति कक्षा नं संचालन जुयाच्वंगु मदु । दातापिंके दान यायेगु भावना धा:सा दु । छम्ह दातां धैच्वन - जिं थन छुं याये मास्ते वो, तर थन जिं धैथे छुं नं मदु उकिं जिं मेथाय् हे गामे थ:गु हे नामं छगु बिहार दयेके मास्ते वैच्वन । व दाताया विहार दयेके मास्ते वैच्वंथाय् बौद्धया नामे छगू परिवार जक दुगु जुया च्वन । बौद्ध हे मदुथाय् विहार निर्माण यायेगु लाकि बौद्ध निर्माण यायेगु कार्यक्रम न्हचाकेगु ? ध्व जिगु न्हचस: ख: । विहारया आवश्यकता ख: मखु सिबे नं ध्व फलानां दयेकूगु विहार धायेकेगु रहरं थन अपो भूमिका म्हितूगु खनेदत । अथे हे छगू मेगु विहारे नं छम्ह उपासिकां ३०/४० द्व दान यायेगु रहर या:गु जुयाच्वन तर छगू शर्त व विहारया संचालन या ज्याय् वं धैथें जा:पिं मनूत तयेमा:गु । विहारं व उपासिकाया ध्यबा ब्यूसा कायेगु, मब्यूसा मकायेगु तर शर्तयात वास्ता मयायेगु उपेक्षा नीति अपने यात । जित: मती वन – दान धैगु अभिमान व शक्ति संचय यायेत ख:सा ला ध्व ला ग्यानपुसे च्वन ।

थन आवश्यकता विहार निर्माण वा चैत्य निर्माण जक मखु, बुद्ध स्थापना व झण्डा निर्माण जक मखु, प्रजातन्त्र धुंका नेपाल अधिराज्यया राई, तामाङ्ग, मग:, थारू आदि जिपिं नं बौद्ध ख:, काठमाडौंया बौद्ध पिंस जिमित तालीम बी माल, जिमित ज्याझो: बी माल, जिमित बौद्ध संस्कार स्यना बी माल धका दनावैच्वन । इमिगु निम्तिं ईले ब्यले संघाराम विहार व युवा बौद्ध समूहया कुतले बुद्धधर्मया तालीम बीगु जुयाच्वंगु दु । भौतिकपूर्वाधार व वस्तुगत गुहाली जक बौद्ध दातापिनिगु मिखा वनाच्वंगु खने दु । आ:वया: पूर्व मेचींनिसें पश्चिम महाकालीतक बुद्धधर्म क्वातुका यंकेत थजोगु जागरण शिविरया लहरया ल्यू इमित लोगु सेवाया कार्यक्रम नं न्हचाकेमा:गु दु । न्हचाकेया निम्तिं अजोगु संस्थाया विकास वा संस्थाय् कार्यकर्ताया गुणस्तर कायम याय्गु निम्ति मौका व अवसर प्रदान यायेगु कार्यक्रमपाखें नं दातापिसं थ:गु मन क्वसाय्के माललां धैगु जिगु बिचा: । समस्याया रूप काई तर समस्या शहरे नं दु, गामे नं दु । व समस्या न्हंकेत न्हचाकेमा:गु आवश्यक कार्यक्रम बौद्ध दातातय्सं थ:गु मन क्वसाय्के माल ला धैगु जिगु बिचा: । जुईफु व गरीबयात छात्रबृत्ति बीगु कार्यक्रम, जुईफु व गरीबयात रोजगार बीगु कार्यक्रम, जुईफु अपांग व सुस्त मनस्थितियात गुहाली यायेगु कार्यक्रम, जुइफु व परदेशीयात आश्रय बीगु कार्यक्रम जुईफु व वातावरण संरक्षण याय्गु कार्यक्रम, जुईफु व बौद्ध धारणा व चित्त विकास याय्गु कार्यक्रम आदि आदि ।

अन्ते धाय् झीगु जीविकाया प्रमुख प्रेरक धन व शक्ति जुई मजिल । परस्पर करूणा, सहयोगात्मक भावना व परस्पर आदर झीगु दिन चर्याया अंग जुईमाल गन बुद्ध धर्म जक मखु, बौद्ध जीवन नं अनुभूत याये खनी । अस्तु !

■

**ज्योतिदय संघको कार्य समिति पुनर्गठन**

| | | |
|---|---|---|
| धर्मानुशासक | : | अनगारीका ज्ञानवती |
| संरक्षक | : | कुमार देसार |
| अध्यक्ष | : | सुरेन्द्रमान शाक्य |
| उपाध्यक्ष | : | दिलबहादुर देसार |
| सचिव | : | दिल देसार |
| कोषाध्यक्ष | : | एस. के. देसार |
| सदस्यहरू | : | गोकुल देसार |
| | | सावित्री देसार |
| | | नारायण देसार |
| | | रामेश्वर देसार |
| | | तिर्थलाल देसार |
| | | तिर्थकुमारी डंगोल |
| | | कृष्ण देसार |

ज्योतिदय संघ, ज्योतिविहार, चापागाउँ
ललितपुर, नेपाल ।



Downloaded from http://www.dhamma.digital

# अनिच्चावत संखारा



जन्म
२०१० भाद्र ७ गते
जनै पूर्णिमा सोमबार

स्वर्गारोहण
२०५४ भाद्र २ गते
जनैपूर्णिमा सोमबार

## स्व. श्रीमती पूर्णकुमारी शाक्य

अति मिलनसार सहृदयी श्रीमती पुर्णकुमारी शाक्यको आज ३० औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि प्रार्थना गर्दछौं साथै यस शोकपूर्ण घडीमा हामी प्रति सहानुभूति र समवेदना प्रकट गर्नुहुने आदरणिय इष्टमित्र, शुभचिन्तक एवं संघसंस्थाहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

ससुर : प्रेममान शाक्य – सासु : इन्द्रकुमारी शाक्य
जेठाजु: देवेन्द्रमान शाक्य – जेठानी : कदमकुमारी शाक्य

पति : सुरेन्द्रमान शाक्य

देवर : अरहतमान शाक्य – देवरानी : मधु शाक्य
देवर : गम्भिरमान शाक्य– देवरानी : कमला शाक्य
देवर : प्रकाशमान शाक्य

छोराहरू : प्रचण्डमान शाक्य, सुनिलमान शाक्य
छोरी : अनुराधा शाक्य
तथा
समस्त शाक्य परिवार



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध मासिक

## २०५३ साल वर्ष १४ अङ्क १ देखि १२ सम्मको

## आय-व्यय विवरण

| | खर्च | रकम | | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक कागज मौज्दात | १६,४९९/८८ | १. | ग्राहक शुल्क १९३८ जवान | ६७,८०५/- |
| २. | कागज खरिद | ७४,२३५/- | २. | विज्ञापन | ३,२००/- |
| ३. | पत्रिका छपाई | ३३,६१७/- | ३. | पत्रिका बिक्री | ५०/- |
| ४. | रसिद प्याड छपाई | १,०१०/- | ४. | अन्तिम कागज मौज्दात | ३२,५५८/०१ |
| ५. | भौचर छपाई | ६,००/- | ५. | शोध भर्ना गर्नुपर्ने घाटा | ३२,६५५/३७ |
| ६. | खाम छपाई | १,०००/- | | | |
| ७. | स्टेशनरी | १,४९९/५० | | | |
| ८. | हुलाक टिकट | २,५३२/- | | | |
| ९. | जिंक ब्लक | ६,२०/- | | | |
| १०. | विशेष सदस्यको प्रमाण पत्रको फ्रेम | १०७५/- | | | |
| ११. | ढुवानी खर्च | ५,८५/- | | | |
| १२. | कार्यालय खर्च | २,२००/- | | | |
| १३. | P.O. Box नविकरण | ४००/- | | | |
| १४. | फुटकर खरिद (झोला, सुतली) | ३९५/- | | | |
| | जम्मा रु. | १,३६,२६८/३८ | | जम्मा रु. | १,३६२,६८/३८ |

उक्त रकम यसरी शोध भर्ना गरिएको छ ।

१. पत्रिकाको मुद्दती खाता होटेल लुम्बिनी गार्डेन न्यू कृष्टल प्रा. लि. बाट ब्याज प्राप्त रकम ४५,०००/-

२. पत्रिकाको वचत खाताहरूबाट ब्याज प्राप्त रकम ४,४३२/५३

जम्मा ब्याज प्राप्त रु. ४९,४३२/-

यस वर्षको घाटा रकम ३२,६५५/३७

शोध भर्नागरि वचत रकम १६,७७७/१६

उक्त वचत रकम पत्रिकाको कोषमा जम्मा गरिएको छ ।

## कोषको विवरण

२०५२ चैत्र मसान्तसम्मको विशेष सदस्य संख्या १८७ जवान जम्मा रु. २,४४,२६८/-

२०५३ चैत्र मसान्तसम्मको विशेष सदस्य संख्या ३५ जवान जम्मा रु. ३६,७६४/-

शोध भर्नागरि बाँकी रकम १६,७७७/१६

गत वर्षको लिनबाँकी रकम प्राप्त ३६,२३५/-

दान चन्दा प्राप्त रु. २५३/-

धर्मकीर्ति पत्रिकाको मौज्दात कोषमा जम्मा रु. ३,३४,२९७/-

■



Downloaded from http://www.dhamma.digital

### धर्मकीर्ति विहार, बुद्धपूजा

२०५४ श्रावण १२ देखि भाद्र १८ गतेसम्म गुरुमांहरूबाट विभिन्न विषयमा यसरी धर्मदेशना गर्नुभएको थियो ।

२०५४ श्रावण १२ गते "दश पुण्यक्रिया"
२०५४ श्रावण १९ गते "दान शील भावना"
२०५४ श्रावण २० गते देखि भाद्र १८ गतेसम्म गुरुमां धम्मवतीबाट "२८ जवान तथागतहरूको संक्षिप्त जीवनी"
२०५४ श्रावण ३२ गते "गुरुमां कुशुमबाट बुद्धकालीन दारुचीर स्थविरको जीवनी प्रकाश पार्नुहुँदै विपस्सना भावनाबारे धर्मदेशना ।

### अनित्य

२०५४ श्रावण १८ गते, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रममा अनगारिका वीर्यवतीले प्रवचन दिनुहुँदै भन्नुभयो– "**अधुवं मे जीवितं, धुवं मे मरणं** अर्थात् बाँचिरहनु नित्य होइन तर एकदिन मर्नुपर्ने नित्य हो भन्ने कुरालाई हामी सबैले भन्न मात्र सक्छौं तर त्यसलाई व्यवहारमा प्रयोग गरेर देखाउन सकिराखेका छैनौं । त्यसैले आफ्नो दैनिक जीवनमा बाँचिरहनुलाई नै नित्य सम्झि एकदिन मर्नुपर्ने विषयलाई बिर्सने गर्छौं । अझ मर्नुपर्ने तथ्यलाई सम्झनु पनि मूर्खता ठान्छौं वास्तवमा आफ्नो शरिरदेखि लिएर संसारका प्रत्येक लौकिक वस्तुहरू सत्य र तथ्य रूपमा अनित्य भएकोले तिनीहरू नित्यरूपले कसैको बसमा छैनन् । तर हाम्रो अज्ञानताको कारणले हामी भ्रममा परी, सांसारिक मायाजालमा परी ती सबैलाई नित्य रूपमा देख्न चाहन्छौं । त्यसैले होला अनित्य रूपी लौकिक शरिर र वस्तुहरूलाई आफ्नो बसमा राख्न नसकेकोमा दुःखी बन्दै बेकारमा समय खेर फाल्छौं ।" भन्नुहुँदै मरणानुस्सती भावनालाई व्यवहारमा प्रयोग गर्न सक्षम बोधिसत्त्व किसान परिवारले आफ्नो एक्लो छोरो सर्पको डसाईबाट मरेपनि कसरी आफूलाई सांसारिक दुःखबाट टाढा राखी आफ्नो बाँकी जीवनलाई सुखमय बनाउन सफल भए भन्ने उदाहरण प्रस्तुत गर्नुभयो ।

**२०५४ श्रावण २५ गते**

यस दिन अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रमा भिक्षुणी धम्मवतीले हरेक मानव जातीको जीवनमा आवश्यक हुने ज्ञानको विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो– "मानव जीवनमा दुई प्रकारका किरणहरू छन्, उज्यालो र अंध्यारो । यी मध्ये उज्यालो किरण भन्नु नै धर्म हो । धर्म एउटै मात्र छ, यसलाई बुद्धले बोधिज्ञानको रूपमा पत्ता लगाउनु भएको छ । यस शुद्ध धर्मलाई अपनाउनको लागि आफ्नो मनलाई पवित्र र निश्वार्थ कार्यतिर लगाउँदै अभ्यास गर्नुपर्छ । जुन व्यक्तिले आफ्नो दैनिक जीवनमा निश्वार्थपूर्वक यस शुद्ध धर्मको अभ्यास गर्दै जान सफल हुन्छ, त्यस व्यक्तिको जीवन सफलतातिर लम्किने छ र उक्त व्यक्ति देवताहरू भन्दा श्रेष्ठ हुनेछ ।"

उद्योगरत्न तुलाधरको सभापतित्त्वमा तारा डंगोलले संचालन गर्नुभएको उक्त कक्षाको रिपोर्टिङ्ग उमा मानन्धरले गर्नुभएको थियो ।

### न्यागू दुर्लभ

२०५४ श्रावण ११ गते । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया साप्ताहिक कार्यक्रमय् धम्मवती गुरुमांनं न्यागू दुर्लभया बारे ब्याख्या याना बिज्यात । गुगु थुकथं खः ।

१. लोके बुद्ध उत्पन्न ज्वीगु दुर्लभ
२. सद्धर्म श्रवण याय्गु दुर्लभ
३. श्रद्धा उत्पन्न ज्वीगु दुर्लभ
४. मनुष्यत्त्वभाव प्राप्त ज्वीगु दुर्लभ
५. प्रब्रजितभाव प्राप्त ज्वीगु दुर्लभ

लोके बुद्ध उत्पन्न ज्वीगु तसकं हे दुर्लभ । हरेक कल्पे बुद्ध उत्पन्न मजू । कल्प खुगू प्रकारया दु । सारकल्प, मन्दकल्प, वरकल्प, सारमन्द कल्प व भद्र कल्पे क्रमशः छम्ह, निम्ह, स्वम्ह, प्यम्ह व न्याम्ह बुद्धपिं उत्पन्न ज्वीगु जूसा सून्य कल्पे छम्ह हे बुद्ध उत्पन्न ज्वीमखु । थज्याःगु सून्य कल्प असंख्य बिते ज्वीकाः तिनि बुद्ध उत्पन्न ज्वीगु जूगुलिं लोके बुद्ध उत्पन्न ज्वीगु अति हे दुर्लभ ।

तर लोके बुद्ध उत्पन्न मज्वीकं सारगु धर्म खँ न्यने मदैगु जूगुलिं सद्धर्म श्रवण याय्गु नं अति हे दुर्लभ खः ।

श्रद्धा उत्पन्न ज्वीबले मन युचुसे च्वनाः लोभ, द्वेष, मोह ल्यहैं मदँसे चित्त प्रशन्न ज्वीगु खः । तर थुगु अवस्था वय्क्चतनं तसकं थाकुगुलिं श्रद्धा उत्पन्न ज्वीगु नं दुर्लभ खः । थौंकन्हे संसारे मनूतय्गु संख्या बृद्धि जुजुं वनाच्वंगु दु । तर फुक्कं मनूतयत् पूवंपिं मनू धाय्फै मखु । त्रीशरण सहित पञ्चशील पालन याइपिं व्यक्तिपिन्त जक पूवंपि मनूत धाइ । तर थज्याःपिं मनूत संसारे अति हे दुर्लभ जू ।

प्रब्रजित न्यागू प्रकारया दु । भिक्षु प्रब्रज्या, भिक्षुणी प्रब्रज्या, श्रामणेर प्रब्रज्या, श्रामणेरी प्रब्रज्या व ऋृषी प्रब्रज्या न्ह्याबले नं ज्वीफुसा त्रीशरण सहित ऋृषी प्रब्रज्या भाव नं दुर्लभ हे खः । ■



Downloaded from http://www.dhamma.digital

### रक्तदान कार्यक्रम

विराटनगर श्रावण ४ गते ।

शाक्यमुनी बुद्धको गर्भ प्रवेश, महाभिनिष्क्रमण तथा धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा युवा बौद्ध संघ, विराटनगरको आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरिएको समाचार छ । पञ्चशील प्रार्थना पश्चात् शुरु गरिएको सो कार्यक्रममा बिराट बौद्ध संघका उपाध्यक्ष मोहनप्रसाद शाक्यले रक्तदानको महत्त्व माथि चर्चा गर्नुभयो । युवा बौद्ध संघका अध्यक्ष श्री मोहनकृष्ण ताम्राकारबाट रक्तदान कार्यक्रममा सहभागी हुने सबैलाई स्वागत गर्नुभयो । उक्त कार्यक्रममा निम्न उल्लेखित व्यक्तिहरूबाट रक्तदान भएको थियो ।

(१) श्री ॠद्धिहर्ष बज्राचार्य (२) श्री विश्व शाक्य (३) श्री मानबहादुर श्रेष्ठ (४) श्री हरिबहादुर बस्नेत (५) श्री विक्रम ताम्राकार (६) श्री रविन राई (७) श्री सुजन तुलाधर (८) श्री महेश ताम्राकार (९) श्री रवि तुलाधर (१०) श्री फिरोज घिमिरे (११) श्री मनोज ताम्राकार (१२) श्री राजु ताम्राकार (१३) श्री दीपेन्द्र अमात्य (१४) श्री सुरज श्रेष्ठ (१५) सुश्री संगीता प्रधान (१६) श्री राजेश मानन्धर (१७) श्री महेश प्रधान (१८) सुश्री अरूणा ताम्राकार (१९) श्रीमती यमुना ताम्राकार (२०) श्री प्रदिप ताम्राकार (२१) श्रीमती सुनीता ताम्राकार (२२) श्री दीपक मानन्धर ।

रक्तदाताहरूलाई लाखे संघका तर्फबाट अध्यक्ष आनन्द राज ताम्राकारले फलफूल तथा दूध प्रदान गर्नुभएको थियो भने नेमकृष्ण ताम्राकारबाट मिठाई वितरण गर्नुभएको थियो । अन्तमा युवा बौद्ध संघका सचिव श्री दिपेन्द्र तुलाधरबाट सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### धरानमा पदस्थापन तथा स्वागत कार्यक्रम सम्पन्न

२०५४ श्रावणं ५ गते

२०५० सालमा स्थापना भएको सम्यक् शिक्षा समूह धरान-१२ द्वारा असार पूर्णिमा (गुरु पुर्णिमा) को पूनित अवसरमा पदस्थापन तथा स्वागत कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा उक्त समूहका पुराना पदाधिकारीहरूलाई स-सम्मान बिदाई गरिएको थियो भने नयाँ पदाधिकारीहरूलाई हार्दिक स्वागत भएको थियो । त्यस्तै धरान नगरका नव-निर्वाचित पदाधिकारीहरूलाई टिका लगाई फूलका गुच्छा र सगुन वितरण गरेर वहाँहरूको कार्यकाल सफल रहोस् भनि औपचारीक रूपमा स्वागत सम्मान गरिएको थियो ।

उक्त समूहको नव पदाधिकारीहरूमा अध्यक्ष सुश्री विद्या शाक्य, उपाध्यक्ष श्री सुरज शाक्य, सचिव श्री अनिल शाक्य,, सह-सचिव श्री केशव श्रेष्ठ, कोषाध्यक्ष अनुपमा शाक्य र सदस्यहरूमा क्रमशः राजेश शाक्य, नविन रायमाझी, अजित राई, प्रमेश ताम्राकार, सुश्री पूनम स्थापित, सुश्री रोहिना ताम्राकार रहनु भएको छ । सल्लाहकारहरूमा श्रीमती सरला कायस्थ, श्रीमान् दुर्गाराज शाक्य, श्रीमान् केशरकुमार शाक्य, श्रीमान् शरदरत्न पार्थिव हुनुहुन्छ भने कानूनी सल्लाहकारमा श्री मोहन श्रेष्ठ हुनुहुन्छ ।

सम्यक पूजा (बुद्धपूजा) बाट शुरू भएको कार्यक्रममा सुश्री पूनम स्थापितबाट स्वागत मन्तब्य प्रकट गरिएको थियो भने समूहको परिचय तथा वार्षिक प्रतिवेदन सुरज शाक्यले सुनाउनु भएको थियो । अन्तिम अध्यक्ष मन्तब्य श्रीमती देवीमाया शाक्यज्यूले प्रकट गर्नुभएको थियो भने नव निर्वाचित पदाधिकारहिरूलाई अनिल शाक्यज्यूले स्वागत तथा शुभकामना मन्तब्य प्रकट गर्नुभएको थियो । उक्त अवसरमा नगरका उपप्रमुख श्रीमान् कृष्णनारायण पलिखेज्यूले मन्तब्यको क्रममा सम्यक शिक्षा समूहद्वारा जापानी दातृ संस्था "नेपाल फोस्टर भेन्ट" को सहयोगमा निर्माण हुन लागिरहेको स्कूललाई वडा नं. १७ मा स्थित उदय टोलमा जग्गा उपलब्ध गराउनको निम्ति पूर्ण सहयोग गर्नु हुने कुरामा विश्वत गराउनु भयो । सत्कर्म गर्न नहिच्किचाऔं भन्ने कुरालाई जोड दिदै महामानव बुद्धका व्यवहारिक शिक्षालाई सदैव व्यवहारमा उतार्ने प्रयत्न गर्नुपर्छ भन्दै सम्यक शिक्षा समूहमा सम्पूर्ण पदाधिकारीहरूलाई शुभकामना व्यक्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

कार्यक्रम संचालक श्री मोहन श्रेष्ठज्यूले आज गुरु पूर्णिमाको अवसरमा यस समूहको तर्फबाट नगर सफाईको निम्ति धरान वडा नं. १२ मा फोहोर फाल्ने कन्टेनरहरू राखिएको कुरा जानकारी गराउँदै नगर विकाश र नगर सफाई गर्नु हामी सबैको साझा दायित्व हो भन्ने कुरालाई जोड दिदै गुरु पूर्णिमा भनेको नराम्रा, अकुशल र गलत काम कुरा र भावनालाई मनबाट हटाएर कुशल राम्रा र असल काम कुराहरू थालनी गर्नुपर्ने दिन हो भन्दै असार पूर्णिमामा गौतम बुद्धको जीवनमा घटेका घटनाहरूको महत्वबारे प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा वडा नं. १२ का अध्यक्ष श्रीमान् किशोर राई र वडा सदस्यद्वय इश्वर राज जोशी तथा श्रीमती नेत्र कुमारी राईज्यू र प्रमुख अतिथि समाज सेवी श्रीमान् श्याम गोविन्द श्रेष्ठज्यूले आ-आफ्नो मन्तव्य प्रकट गर्नुभएको थियो । समूहका पुराना पदाधिकारीहरूलाई, नगरका नव निर्वाचित पदाधिकारीहरूलाई तथा प्रमुख अतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो भने स्वयम्भू चैत्य महाविहारका जग्गा दाता श्रीमती पुतलीमाया शाक्य, श्री सानुकाजी शाक्यज्यूलाई पनि स-सम्मानका साथ उपहार वितरण गरिएको थियो।

अन्त्यमा नव अध्यक्ष सुश्री विद्या शाक्यज्यूबाट अध्यक्ष मन्तव्यको क्रममा गुरु पूर्णिमामा आफ्नो गुरु विशुद्धानन्द भन्ते लगायत आमाबुवाहरूको गुण स्मरण गर्दै उपस्थित सबैमा धन्यवाद दिई कार्यक्रमको समापन भएको थियो।

**बौद्ध परियत्ति शिक्षालयको वार्षिक उत्सव**

२०५४ भाद्र २ गते सोमबार

श्री शाक्यसिंह विहार थैना टोल ललितपुरमा, ललितपुर उप-महानगरपालिका प्रमुख श्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यत्वमा श्री शाक्यसिंह बौद्ध परियत्ति तथा प्रौढ शिक्षालयको पन्ध्रौ वार्षिक उत्सव तथा प्रेरणा पुरस्कार वितरण समारोह सम्पन्न भएको समाचार छ।

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूको सभापतित्वमा भएको उक्त समारोह शील प्रार्थनाद्वारा शुरू भयो। यस समारोहमा यस शिक्षालयका केन्द्राध्यक्ष भिक्षु धर्मपालज्यूले स्वागत गर्नुभएको थियो भने केन्द्रका उपसचिव अनगारिका ज्ञानवतीज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

वार्षिक उत्सव कार्यक्रममा परियत्ति बिद्यार्थीहरू बीच बौद्ध हाजिरी जवाफ प्रतियोगिता पनि भएको थियो। बौद्ध परियत्ति शिक्षामा बोर्ड आएका, उतीर्ण बिद्यार्थीहरू तथा हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका बिद्यार्थीहरू र शिक्षक शिक्षिकाहरूलाई प्रेरणा पुरस्कार वितरण भएको थियो।

उक्त समारोहमा ललितपुर उप-महानगर पालिकाका मेयर बुद्धिराज बज्राचार्यले प्रत्येक विहारमा बौद्ध परियत्ति शिक्षा संचालन हुनु बुद्ध धर्मको लागि गौरवको विषय हो भन्नुभयो। समारोहमा वाणिज्य मन्त्रालयका सहसचिव आर. वि. बन्द्यज्यूले दिवंगत संघ महानायक प्रज्ञानन्द महास्थविरज्यूको गुण प्रकाश गर्दै बौद्ध परियत्ति शिक्षाको महत्त्वबारे आफ्नो मन्तव्य व्यक्त गर्नुभयो। केन्द्रका सचिव सुश्री अमिता धाख्वाबाट धन्यवाद ज्ञापन दिनुभयो।

यस कार्यक्रममा भिक्षु सुदर्शन महास्थविर, ललितपुर उप-महानगरपालिकाका उपप्रमुख रमेश चित्रकार, भू.पू. मेयर बेखारत्न शाक्य, विद्वानवर्गहरू र प्रज्ञानन्द स्मृति क्लिनिकका डाक्टरहरूको पनि उपस्थिति थियो।

सभापतिबाट मन्तव्य दिदै पुण्यानुमोदन गरी उक्त सभा विसर्जन भयो।

**भिक्षु अमृतानन्दको मूल्याङ्कन**

२०५४ भाद्र ७ गते।

आनन्दकुटी बिद्यापीठका भूतपूर्व बिद्यार्थीसंघले भिक्षु अमृतानन्द महास्थविरको महत्त्वपूर्ण देनहरूबारे मूल्याङ्कन गरी बिद्यापीठको प्रांगणमा उहाँको प्रतिमा स्थापना गरी एक प्रशंसनिय कार्य गरेको चर्चा छ।

भिक्षु अमृतानन्द महास्थविर आनन्दकुटी बिद्यापीठका संस्थापक हुनुहुन्थ्यो। तर आनन्दकुटी बिद्यापीठले नै उहाँलाई बिर्सिदियो कि भन्ने जस्ता गुनासो भनुँ या चर्चा भइरहेको थियो।

हाल आएर भिक्षु अमृतानन्दको कृतज्ञ गुण सम्झी आनन्दकुटी बिद्यापीठका भूतपूर्व बिद्यार्थी संघको



Downloaded from http://www.dhamma.digital

सकृयतामा उहाँको अर्धकदको प्रतिमा स्थापना गरी गत भाद्र ७ गते एक भव्य समारोह बीच प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दले सो प्रतिमाको उद्‌घाटन गर्नुभयो ।

सो समारोहमा मन्तब्य ब्यक्त गर्नुहुँदै प्रधानमन्त्रीले भन्नुभयो– "नेपाली साहित्यमा बुद्ध धर्म सम्बन्धि पुस्तकहरूको अभाव भइरहेको थियो । तर त्यस अभावलाई भिक्षु अमृतानन्दज्यूले पूर्ति गरिदिनु भएको छ । उहाँको यस ठूलो देन चिरस्मणीय रहने छ ।"

मन्तव्य ब्यक्त गर्ने क्रममा उहाँले लुम्बिनी विश्वशान्ति स्तूप निर्माण कार्यमा संलग्न रहनु भएका जापानी भिक्षु युनाताकाको हत्या काण्ड एक ठूलो अप्रिय घटना हो भन्नुहुँदै उहाँका हत्याराहरूप्रति कुनै ढाक छोप नगरिकन आवश्यक कारवाही गरिने विषयमा आश्वासन पनि दिनुभयो ।

उक्त अवसरमा आनन्दकुटी बिद्यापीठका सह संस्थापक न्हुच्छेबहादुर बज्राचार्यले आनन्दकुटी विहारबाट वर्तमान स्थानमा स्थानान्तरण गर्ने कार्यमा भिक्षु अमृतानन्द महास्थविरले गर्नुभएको प्रयत्न बारे रोचक र रमाइलो भाषाले चर्चा गर्नुभयो ।

बिद्यार्थी संघका अध्यक्ष शाक्यज्यूले संस्थापक भिक्षु अमृतानन्दको प्रतिमा स्थापना कार्य अति महत्त्वपूर्ण भएको चर्चा गर्नुहुँदै स्वागत भाषण गर्नुभयो । बिद्यार्थी संघका सचिवज्यूले धन्यवाद ज्ञापन गर्नुभएको उक्त समारोह आनन्दकुटी बिद्यापीठका प्रधान अध्यापक रत्नबहादुर बज्राचार्यको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

### पञ्चदान पर्व सम्पन्न

२०५४ भदौ १४ गते ।

परम्परादेखि मनाउँदै आएको पञ्चदान पर्व आज विहानैदेखि यहाँ मनाइयो । सो उपलक्षमा काठमाडौं र ललितपुरका बज्राचार्य तथा शाक्यहरूले घरघरमा गई भिक्षाटन गरे । मानिसलाई आवश्यक पाँच वटा वस्तु दान गर्ने कार्य पञ्चदान हो र पञ्चदानमा अन्न, वस्त्र, औषधि, धागो र सियो दान गरिन्छ । आजको दिन भिक्षाटन गर्ने बौद्ध धर्मावलम्वीहरूलाई भगवान दिपंकर बुद्धको रूप मानेर क्षिर, अन्न, केराउका गेडागुडी, धागो, सियो, कुचो, पैसा आदि दान गर्ने परम्परा छ । सोही उपलक्षमा मासंगल्लीमा आज दिनभरी पञ्चदान कार्य गरियो ।

काठमाडौं महानगरपालिका वडा नं. २७ कि दिलमाया महर्जनले आयोजना गर्नुभएको सो पञ्चदान लिन आउनेहरू र दाताहरूको घुइँचो लाग्यो ।

गत ११ गते स्वयम्भूमा गई भगवान दिपंकरलाई निमन्त्रणा गरी १३ गते स्वयम्भू ज्योतिरूप दिपंकरलाई मासंगल्लीमा ल्याई राखिएको थियो । यसपाली भिक्षु भिक्षुणी र लामा गुरुहरूले पनि दान लिनुभएको समाचार छ ।

### भिक्षु अमृतानन्दको गुणानुस्मरण

२०५४ भाद्र १७ गते ।

दिवंगत भिक्षु अमृतानन्द महास्थविरको गुणानुस्मरण दिनको उपलक्ष्यमा आनन्दकुटी विहारमा एक कार्यक्रम सम्पन्न भएको समाचार छ । आनन्दकुटी विहार गुठीको संयोजकत्त्वमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु अनिरूद्ध महास्थविर समक्ष पञ्चशील प्रार्थना, बुद्धपूजा, धर्मदेशना र दान प्रदान गरी सम्पन्न गरिएको थियो ।

सो कार्यक्रममा भिक्षु अनिरूद्धबाट धर्मदेशना भई इतिहासविद् भुवनलाल प्रधान र अन्य विभिन्न महानुभावहरूबाट आ-आफ्नो मन्तव्यहरू व्यक्त गरिएका थिए ।

### खोखनामा बौद्ध प्रशिक्षण शिविर

खोखना जितापुर गन्धकुटी विहार, बुद्ध धर्म र बौद्ध इतिहास विषयमा तीनदिने बौद्ध प्रशिक्षण शिविर सम्पन्न गरिएको समाचार छ । ४५ जवान प्रशिक्षार्थीहरूले भाग लिएको उक्त शिविरको उद्‌घाटन भिक्षु सुदर्शनले गर्नुभएको थियो ।

भिक्षु बुद्धघोष महास्थविरको प्रमुख आतिथ्यमा र भिक्षु कालुदायीको सभापतित्त्वमा सम्पन्न भएको उक्त प्रशिक्षण शिविर समापन समारोहमा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

उक्त समारोहमा भिक्षु बुद्धघोष, शिविरको प्रायोजक हिमालयन बौद्ध प्रशिक्षण संस्थाका सचिव मीनबहादुर, सुरेन्द्र शाक्य र चन्द्रलाल महर्जन आदिले आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## धर्मोदय सभाको सभा

कीर्तिपूर, २०५४ भाद्र २१

धर्मोदय सभाको वार्षिक साधारण सभा श्री कीर्ति महाविहारमा एक समारोहका साथ सुसम्पन्न भएको समाचार छ । यस समारोहको उद्घाटन धर्मोदय सभाका सल्लाहकार भिक्षु सुदर्शन महास्थविरले गर्नु भएको थियो ।

समारोहमा आफ्नो मन्तब्य ब्यक्त गर्नुहुँदै भिक्षु सुदर्शनले देशमा सरकार परिवर्तन हुँदैमा लुम्बिनी विकास कोषका पदाधिकारीहरूमा पनि परिवर्तन ल्याउनु मनासिव नदेखिएको जिज्ञासा प्रकट गर्नु भयो । साथै उहाँले लुम्बिनीका जनताहरूका लागि लुम्बिनीमा महामाया प्रशुती गृह स्थापना गरिनु पर्ने, जापानी भिक्षु युनातका नावातोमेको सही हत्यारा पत्ता लगाउनु पर्ने, तिलौराकोटमा रहेको ५८ वटा पुरातात्त्विक महत्त्वका स्थानहरूको खोजी हुनुपर्ने देवदह पनि नेपाल भित्र नै परेको प्रमाणलाई प्रष्टयाउनका लागि सो स्थानको तस्विर नेपाली नोट र हुलाक टिकटहरूमा छपाउनु पर्ने माग पनि गर्नु भयो ।

लक्ष्मीदास मानन्धरले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको उक्त समारोहमा डा. त्रिरत्नमान तुलाधरले स्वागत भाषण गर्नु भएको थियो र धर्मकुमार हलुवाइले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

समारोहको सभापतित्त्व धर्मोदय सभाका कार्यवाहक अध्यक्ष लोकदर्शन बज्राचार्यले गर्नु भएको थियो ।

## कपडाको कृतिम फुल बनाउने तालिम

२०५४ श्रावण २७

युवा बौद्ध संघ पोखराले विभिन्न सिपमूलक तालिम आयोजना गरेर महिलाहरूको सिपमा अभिबृद्धी गरी उनीहरूको आय आर्जन गर्नको लागि सक्षम बनाउने उदेश्यले एक हप्ते कपडाको कृतिम फुल बनाउने तालिम सम्पन्न गऱ्यो । १९ जना महीलाहरू सहभागी रहेको सो तालिम श्रावण ८ गते देखि १५ गते सम्म धर्मशिला बुद्ध विहार नदिपुरमा संचालन गरिएको थियो । तालिमको समाप्ती पछी समापन समारोहको पनि आयोजना गरिएको थियो । भिक्षु श्रद्धानन्दको उपस्थितिमा भएको समापन समारोहमा सुभाष बुद्धाचार्यले स्वागत भाषण गर्नु भएको थियो भने कार्यक्रम संयोजक बिक्रम उदासले तालिम कार्यक्रम बारे जानकारी गराउनुभएको थियो । सन्देश उदासले सञ्चालन गर्नु भएको सो कार्यक्रममा प्रमुख अतिथि नवनिर्वाचित धर्मोदयसभा कास्कीका अध्यक्ष हरीध्वज तुलाचनले सहभागीहरूलाई प्रमाण-पत्र वितरण गर्नु भएको थियो । सो अवसरमा प्रशिक्षक सुश्री बिजया श्रेष्ठले सहभागीहरूलाई आफूले सिकेका कुराहरूलाई सौखको रूपमा मात्र सिमीत नराखी ब्यवसायीक रूपले सामाग्री तयार गरि बिक्री वितरण गर्नु पर्ने जस्ले गर्दा एकातिर आय आर्जन पनि हुने र अर्को तिर कार्य दक्षतामा बृद्धि हुँदै जाने कुरा बताउनु भयो । अन्तमा समारोहका सभापति तथा युवा बौद्ध संघका अध्यक्ष उत्तम मान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## उदघोषण तालिम कार्यक्रम

उद्घोषणले कुनै पनि सभा समारोहलाई सफल वा असफल बाउनमा महत्वपूर्ण भुमिका खेल्दछ । त्यसैले कुनै पनि कार्यक्रम सफल बनाउनको लागि उद्घोषण प्रभावकारी हुनुपर्दछ । उद्घोषक दक्ष हुनुपर्दछ । यसै कुरालाई मध्यनजर राखेर युवा बौद्ध संघ पोखराले श्रावण २५ गते शनिवार धर्मशिला बुद्धविहार नदिपुरमा एक दिने उद्घोषण तालिम सम्पन्न गऱ्यो । बुद्ध धर्म संग सम्बन्धी विभिन्न संघ संस्थाबाट गरी ४१ जना महिला तथा पुरूषहरू सहभागि रहेको उक्त तालिम युवा बौद्ध संघका सल्लाहकार विश्व शाक्यले प्रदान गर्नु भएको थियो । बिल बहादुर गुरूङ्ग र सबिना प्रधानले तालिम प्रभावकारी रहेको बताउनु भयो । भने ज्ञानमाला संघका अध्यक्ष कृष्णमान गुभाजुले सिकेका कुरालाई अभ्यास गर्दै गएमा उद्घोषण कलामा सुधार हुदै जाने कुरा बताउनु भयो । प्रशिक्षक विश्व शाक्यले धेरै ठाउँहरूमा कार्यक्रम गर्दा उद्घोषक पुर्व तयार र दक्ष नहुनाले कार्यक्रमले स्रोताहरूको ध्यान आकर्षण गर्न असफल देखिएको अनुभवले नै आफुलाई यस्तो प्रशिक्षण (तालिम) प्रदान गर्न घचघच्याएको बताउनु भयो । संघका उपाध्यक्ष प्रकाश उदासले संचालन गर्नु भएको

Downloaded from http://www.dhamma.digital

सो समापन समारोहको अन्तमा सभापतिको आशनबाट युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**चारूमती विहारमा धर्मदेशना समाप्त**

चावहिलस्थित ऐतिहासिक चारूमती विहारमा आवासीय भिक्षु तपश्वी धर्मको संयोजकत्वामा सर्वप्रथम गुँला धर्मदेशना एक महिनासम्म संचालित भयो । भिक्षुहरू अश्वघोष, बोधिसेन, धर्मशोभन, शीलभद्र, कोण्डन्य र तपस्सीधम्म, अस्सजि र शोभन तथा भिक्षुणीहरू धम्मवती, ञाणशीला, चमेली, पञ्ञावती कुसुम, पटाचारा, वीर्यवतीहरूले धर्मदेशना गर्नुभएका थिए । अन्तिम दिनमा बुद्धपूजा, धर्मदेशना र जलपान कार्यक्रको आयोजना गरि समाप्त कार्यक्रमको आयोजना गरि समाप्त गरिएको समाचार प्राप्त हुन आएको छ । ■

**गुँला धर्मदेशना सम्पन्न**

पहिले पहिले जस्तै यस पाली श्रावण–भाद्र महिनामा पर्ने गुँला धर्म महिना भरि कतिपय विहारहरूमा भिक्षु भिक्षुणीहरूको तर्फबाट धर्म उपदेश दिने कार्यक्रम सफलताकासाथ सम्पन्न भएको समाचार छ । उपदेश दिने कार्यक्रम भएका विहारहरू :–

श्रीघः विहार; धर्मकीर्ति विहार-काठमाडौं; मणिमण्डप विहार-ललितपुर; दीपंकर विहार-भक्तपुर; पद्मसुगन्ध विहार-मजिपात; मंगलसिद्धि विहार-ठसी, ललितपुर ।

श्रीघ विहारमा धर्मउपदेश दिनुभएकाहरू:– भिक्षु अनिरूद्ध, बुद्धघोष, अश्वघोष, धम्मशोभन, गुणघोष, पञ्ञालोक, धम्मपाल, शीलभद्र, थानसेट्ठ, धर्मसागर, शोभन; भिक्षुणीहरू धम्मवती, वीर्यवती ।

धर्मकीर्ति विहारमा विहान-विहान गुरुमाँहरूले धर्मदेशना गर्नुभएको थियो । ■

**छलफल**

# कर्मकाण्ड र बुद्ध धर्म

✍ मेघदूत

धेरै दिन पछि मात्र छलफल कार्यक्रम शुरू भएको छ । कार्यक्रममा एकजना नयाँ जिज्ञासु सदस्यको पनि उपस्थिति थियो । नयाँ सदस्यले आफ्नो गुनासो पोख्दै भन्नुभयो -"यस छलफल कार्यक्रममा भाग लिनको लागि धेरै पटक आइसकें बल्ल आज फेला पारें । नेपालमा कुनै पनि कार्यक्रमको थालनी भने हुन्छ र शुरू शुरूमा असार महिनामा बाढी आए जस्तै ती कार्यक्रमहरू गतिशील पनि हुन्छन् । तर बिस्तारै यसले कछुवाको गति लिन थाल्छ । नेपालको लागि यो एउटा नौलो रोग सरूवा रोग नैं हुन पुगेको छ । धेरै क्षेत्रहरूमा नियमितताको कमी नै देखिन्छ ।"

छलफल कार्यक्रम आयोजकले भन्नुभयो- "हाल नेपालमा जुनसुकै सुधार र विकास कार्यहरूको थालनीमा पनि गोष्ठी र छलफल कार्यक्रमको शुरू हुने गर्छ, तर त्यसलाई कार्यान्वयनतिर भन्दा पनि औपचारिकतामा मात्र सीमित राख्ने चलन भएको हुँदा ती कार्यक्रमहरूबाट ठोस् उपलब्धी प्राप्त गर्न सकिराखेको देखिदैन । कतिपय छलफल कार्यक्रमहरूमा राम्रा र गहकीला विषयहरू कार्यान्वयनका लागि उठाइने गर्छन तर त्यसलाई कुरा गराइमा नै सीमित राखिन्छ । पुरानो संस्कार र रूढीबादी बिचारधारामा घेरिएका मानिसहरूको संगठन बलियो भएकोले होला संस्कृति प्रेमीहरू बलिया देखिन्छन् । अनि समाजका विकृतीहरूलाई सुधार्ने कार्यहरूलाई कार्यान्वयन गर्ने तिर नगई निराशा भावनातिर मात्र लम्कने गरेको देखिन्छ धेरैजसो ब्यक्तिहरू । त्यसैले पनि होला छलफल कार्यक्रम पनि हाल खुकुलो बन्दै कछुवाको गतिमा परिणत हुँदै गएको ।"

एक जना सदस्यले प्रश्न उठायो- "होइन, आज आउनु भएको नयाँ सदस्यको जिज्ञासा के हो ? त्यसबारे छलफल गर्न पाए हुन्थ्यो ।"

नयाँ सदस्यले आफ्नो बिचार पोख्दै भन्नुभयो- "कर्म काण्ड र मानिसहरू जन्मे देखि मृत्यु परान्त सम्म गर्नु पर्ने संस्कार कर्मको बिषयमा बुद्ध र बुद्ध शिक्षाको के

*(बाँकी कभरको दोस्रो पेजमा)*

मुद्रक : "न्यू नेपाल प्रेस" • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२५४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital